म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २०१ शनिबार २० फागुन २०७९ ने. सं. ११४३ सिल्लागा 4 March 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सांकेतिक भाषा सञ्चार तालिम

हेटौंडा, १८ फागुन/हेटौंडा उपमहानगरपालिकामा २ महिने नेपाली साङ्केतिक भाषा दोभाषे तालिम सुरु भएको छ । 'बहिरा नागरिकको अधिकार, साङ्केतिक भाषामा सञ्चार'भन्ने नाराका साथ तालिम आयोजना गरिएको हो । संघीय सरकारको महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आर्थिक सहयोगमा भएको कार्यक्रम राष्ट्रिय बहिरा महासंघ नेपालका महासचिव सन्तोष केसीको अध्यक्षतामा गरिएको हो ।

तालिमको उद्घाटन बागमती प्रदेश सामाजिक विकास मन्त्री कुमारी मोक्तानले समाजको सबै वर्ग र समुदायको उत्थानका लागि मन्त्रालय सधैं तत्पर रहने विश्वास दिलाइन् । तालिममा १६ जिल्लाका १६ जना सहभागी छन् । हेटौंडा उपमहानगरपालिका वडा ५ का अध्यक्ष सुशील घिमिरेले व्यक्तिको समस्या सम्बोधन गर्न कार्यालयमा दोभाषेको आवश्यकता महसुस गरेको बताए । कार्यक्रममा ग्रामीण महिला सेवा केन्द्र मकवानपुरकी अध्यक्ष सुलोचना स्याङ्तानको आतिथ्यता थियो ।

# बागमतीको मुख्यमन्त्रीमा कांग्रेसको दाबी रहने

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ ४ मंसिरमा भएको आमनिर्वाचनपछि एमालेसँग मिलेर नेकपा माओवादी केन्द्रले बनाएको गठबन्धन धेरै समय टिक्न सकेन् ।

निर्वाचनमा गठबन्धन गरेर लडेको नेपाली कांग्रेसले प्रधानमन्त्री नदिएपछि माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एमालेको साथ खोजेका थिए । एमाले, राप्रपा, रास्वपाको साथ पाएपछि प्रधानमन्त्री बनेका प्रचण्डले गठबन्धनलाई दुई महिना पनि टिकाएनन् । राष्ट्रपति निर्वाचनको संघारमा एमालेसँगको गठबन्धन फुटाएर प्रचण्ड फेरि पुरानै गठबन्धनमा आइपुगेका छन् । कांग्रेससहित नेकपा (एकीकृत समाजवादी), जसपा, लोसपासहित हाल बनेको नयाँ आठ दलीय गठबन्धनले राष्ट्रपतिमा रामचन्द्र पौडेललाई उम्मेदवार बनाएको छ ।

दुई महिनाबीचमै दुई नयाँ गठबन्धनको विकास भएपछि हाल रहेका प्रदेश सरकारहरु फेर बदल हुनेछ । देशका ७ वटै प्रदेशमा शक्ति सन्तुलनको दृष्टिकोणले नयाँ भागबण्डा हुने भएपछि सरकार फेर बदल हुने लगभग पक्का हो । यससँगै बागमती प्रदेशमा नेपाली कांग्रेसले सरकारको दाबी गर्ने भएको छ । निर्वाचन अगाडिको पाँच दलीय गठबन्धनमा बागमती कांग्रेसको प्रमुख दाबीको रुपमा थियो । तर, गठबन्धन नै फुटेर एमालेसँग माओवादी मिसिएपछि भागबण्डामा बागमती माओवादीले पाएको थियो । हाल बागमतीको मुख्यमन्त्रीमा माओवादी बागमती प्रदेश संसदीय दलको नेता





शालिकराम जम्मकट्टेल छन् ।

नयाँ सत्ता समिकरणमा चमत्कारिक फेरबदल नआए कांग्रेस प्रतिपक्षमा पुगेको थोरै समयमै सत्तामा फर्किने लगभक पक्का छ । तर, कांग्रेसले दुई-चार जना मन्त्री नभई सरकारकै नेतृत्वमा दाबी गर्ने भएको हो । कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुर सिं लामाले बागमतीको सरकारमा कांग्रेसको स्वभाविक दाबी रहेको बताए । 'हालसम्म सरकारको नेतृत्व कसले गर्ने भनेर भागबण्डाको तहमै कुरा त भइसकेको छैन् । तर, कांग्रेसले मुख्यमन्त्रीमा दाबी गर्छ,' सिंहले भने । निर्वाचन अघिको गठबन्धन रहँदा पनि कांग्रेसको दाबी रहेको भन्दै बागमतीलाई कांग्रेसले प्रमुखताका साथ लिने उनको भनाई छ ।

'अहिले त शालिकराम जीले सरकारको नेतृत्व गरिरहनु भएको छ । राजनीतिक परिस्थित फेरिए पनि हामीले मुख्यमन्त्री चाहिन्छ भनिसकेका त छैनौं । गठबन्धनको शिर्ष तहमा भागबण्डा हुँदा हाम्रो दाबी बागमतीमा रहनु स्वभाविक हो,' लामाले भने- 'राष्ट्रपति निर्वाचन सम्पन्न गराउन कांग्रेस पार्टी केन्द्रित भएको छ । निर्वाचनपछि सरकारको विषयमा छलफल सुरु गर्छौं ।,' देशको संघीय राजधानी भएको प्रदेश बागमतीमा गठबन्धनको ठूलो दल कांग्रेसले नछोड्ने उनको आशय थियो । भागबण्डामा बागमती प्रदेश कांग्रेसले लिने अवस्था आएमा मुख्यमन्त्रीसहित मन्त्रिमण्डल नै परिवर्तन हुने देखिएको छ ।

तर, माओवादीका सांसदहरु भने बागमतीमा कांग्रेसले मुख्यमन्त्री नपाउने दाबी गर्छन् । 'माओवादीले दिइसकेको बागमती प्रदेश दिने कुरा हुँदैन् । भागबण्डा नै अन्तिम निर्णय भए पनि माओवादीले सरकारको नेतृत्व गरिरहन्छ ।,' एक माओवादी सांसदले भने । नयाँ सत्ता समीकरण राष्ट्रपति निर्वाचन पछिसम्म कायम रहे बागमतीमा नयाँ सरकार गठनको तयारी हुनेछ । नयाँ समीकरणमा भागबण्डा टुंगिनसकेकाले बागमतीमा मुख्यमन्त्री जम्मकट्टेल नै रहन्छन वा रहँदैनन् भन्ने यकिन छैन । गठबन्धनको भागबण्डा अनुसार जम्मकट्टेल नै मुख्यमन्त्री रहने अवस्थामा एमाले र राप्रपाले लिएको मन्त्रालयमा कांग्रेस र एकीकृत समाजवादीको दाबी रहने देखिन्छ ।

बागमती प्रदेशसभामा कूल ७ वटा दलको प्रतिनिधित्व छ । प्रदेशसभामा नेपाली कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३, एकीकृत समाजवादीको ७, नेमकिपासँग ३ र हाम्रो नेपाली पार्टीसँग २ जना सांसद छन् ।एकसय १० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसद् भए पुग्छ । यसअघि ६१ सांसदको बहुमत पुऱ्याएर माओवादी, एमाले र राप्रपाबीचको सरकार बनेको थियो । जम्मकट्टेल नेतृत्वको सरकारलाई एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीले पनि समर्थन गरेका थिए । कांग्रेसले भने विश्वासको मत मात्रै दिएको थियो ।

नयाँ सत्ता समीकरणमा कांग्रेस, माओवादी र एकीकृत समाजवादी एक भएसँगै बागमतीमा सरकार गठनका लागि बहुमत पुगेको छ । कांग्रेस र माओवादीको मात्रै मत सरकार गठनका लागि पर्याप्त छ । एकीकृत समाजवादीको मत भने थप हुन आउँछ । बागमतीमा सरकारलाई दिएको समर्थन राप्रपाले फिर्ता लिए पनि मुख्यमन्त्री जम्मकट्टेल सुरक्षित छन् । बागमतीमा राप्रपा संसदीय दलका नेता तथा खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्री उद्धव थापा, पर्यटन, उद्योग तथा सहकारी मन्त्री डम्बरबहादुर तामाङ र वन तथा वातावरण मन्त्री राजु बिष्टले यसअघि नै सरकार छोडिसकेका छन् । तर, केन्द्रीय सरकार छोडिसकेको एमाले भने सरकारमै छ । एमालेले राष्ट्रपनि निर्वाचन अघिसम्म प्रदेश सरकारमै रहने जनाएको छ ।

मुख्यमन्त्री जम्मकट्टेलले सरकारमा एमाले र राप्रपालाई मात्रै सहभागी गराएका थिए । राष्ट्रपति निर्वाचनका लागि बनेको नयाँ सत्ता समीकरण अनुसार बागमतीका मुख्यमन्त्री जम्मकट्टेल बहुमतमै छन् । उनलाई ३ माघमा प्रदेशसभा बैठकमा उपस्थितमध्ये १ सय ५ सांसदले विश्वासको मत दिएका थिए । वर्तमान सरकारमा नरहेका तर समर्थन गरेका नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टी तथा प्रतिपक्षमा रहेको कांग्रेसले पनि मुख्यमन्त्री जम्मकट्टेललाई विश्वासको मत दिएको थियो । नेपाल मजदुर किसान पार्टीका तीन सांसदले विपक्षमा मत हालेका थिए । एक जना सांसद भने अनुपस्थित भए ।

# चित्लाङ र सिस्नेरी सडकबाट सवारी साधन आवातजावात

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ हेटौंडाबाट ठिंगन हुँदै ललितपुर जोड्ने कान्तिलोकपथ बिहीवारदेखि पूर्ण रुपमा बन्द गरिएको छ ।

कान्तिलोकपथ सडक मर्मतका लागि मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेको अध्यक्षतामा सोमबार बसेको बैठकले बन्द गर्ने निर्णय गरेको थियो । १८ फागुनदेखि १० चैतसम्म कान्तिलोकपथ बन्द गरिएको मकवानपुरका निमित्त प्रहरी प्रमुख टेकबहादुर कार्कीले जानकारी दिए । प्रशासनले कान्तिलोकपथ बन्द गरेर हेटौंडाबाट काठमाडौं जान कुलेखानी-सिस्नेरी-फर्पिङ सडक एकतर्फ सञ्चालनमा ल्याएको छ । काठमाडौंबाट हेटौंडा फर्कदा भने थानकोट-चित्लाङ-मार्खु (कुलेखानी)-भीमफेदी सडकबाट आउन सकिने भएको छ । दुवै वैकल्पिक मार्गहरु भने जोखिमयुक्त छन् ।

चित्लाङ र सिस्नेरी दुवै सडक खण्ड मर्मत भइरहेकाले यात्रुका लागि जोखिम हुने देखिएको हो । थानकोट-चित्लाङ सडकखण्डमा बिहीवारदेखि यातायातका साधन सञ्चालनमा आएका छन् । कान्तिलोकपथअन्तर्गत ललितपुरको बागमती र भट्टेडाँडामा सडकको मर्मतका कारण यातायात बन्द गरिएको थियो । यसअघि भीमफेदी-कुलेखानी सडक मर्मतका लागि करिब डेढ महिनाअघिदेखि कुलेखानी सडकखण्डको फाखेल र सिस्नेरी सडकखण्डलाई मर्मत गर्न हेटौंडाबाट काठमाडौंतर्फ जाने सवारीसाधनलाई चित्लाङ-थानकोट सडक भएर सञ्चालन गरिँदै आएको थियो । काठमाडौंबाट फर्किँदा भने कान्तिलोकपथ खुल्ला गरिएको थियो ।

राज्यको पर्याप्त ध्यान पुग्न नसक्दा कान्तिलोकपथ मार्ग निर्माण सुरु भएको दुई दशकमा पनि अझै सम्पन्न हुन भने सकेको छैन । हाल निर्माणकै चरणमा रहेको छ । मकवानपुरतर्फ ८० प्रतिशत प्रगति रहेको र बाँकी काम चैतसम्ममा सम्पन्न हुने कान्ति राजमार्ग योजनाले जनाएको छ । काठमाडौं



उपत्यकालाई मकवानपुरसँग जोड्ने छोटो मार्गका रुपमा रहेको सो सडकमा अझै कतिपय खण्ड निर्माणका लागि ठेक्कामा जान बाँकी छ । सहज भूवनोट भएका ठाउँमा सडक कालोपत्र अझै पनि बाँकी रहेको कान्तिराजमार्ग योजनाले जनाएको छ । मकवानपुरतिर साढे तीन किमी बाँकी र ललितपुरतर्फ झण्डै १० किमी सडक कालोपत्र हुन बाँकी रहेको योजनाका प्रमुख सुरेश न्यौपानेले बताए ।

उनले ललितपुरतर्फ १० किमी सडकमध्ये सात किमी चालू आर्थिक वर्षमा पूरा हुने बताए । ललितपुरतर्फ तीन किमी कडा चट्टान छ भने आठ सय मिटरमा ठाउँठाउँमा पहिरो छ । चालू आवमा ललितपुरतर्फको सात किमी सडक सम्पन्न भएमा झण्डै साढे छ किमी सडक निर्माण बाँकी हुने योजनाले जनाएको छ । ललितपुरमा तीन किमी र मकवानपुरमा साढे तीन किमी बाँकी छ । सरकारले वि.सं. २०६९ मा योजना स्थापना गरेर आव २०७१/७२ देखि बहुवर्षीय ठेक्का लागू गरी काम सुरु गरेको थियो । विगतका वर्षमा वर्षाको समय पहिरोका कारण अवरुद्ध भइरहने खण्डमा विभागले अहिले अध्ययन गरिरहेको हो ।

पहिले राजमार्ग हेटौंडाबाट टिकाभैरब, चापागाउँ हुँदै सातदोबाटोसम्म हुने गरी रेखांकन भएको थियो । चापागाउँ-सातदोबाटो सडक विस्तार हुन नसकेपछि यसको रेखांकन परिवर्तन गरेर टिकाभैरबबाट भैंसेपाटी हुँदै नख्खु पुग्ने भएको छ । टिकाभैरबबाट हेटौंडाको बुद्धचोकसम्म ७९ किमी सडक योजनाले निर्माण गरिरहेको छ । काठमाडौं उपत्यकाभित्र पर्ने टिकाभैरबबाट नख्खु चोकसम्म सडक काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले विस्तार गरिरहेको छ । झण्डै ९० किमी लम्बाईको राजमार्ग सबैतिर दुई लेनको हुनेछ । अहिले एक लेन रहेको पुलसमेत विस्तार गरिने योजनाको तयारी अघि बढाएको छ ।


## कर्मचारी आवश्यकता

यस फर्मको लागि एक जना (पुरुष) कमचारी आवश्यक परेको हुँदा ईच्छुकले तुरुन्त सम्पर्क राख्नुहोला ।

संख्या : १ (एक) योग्यताः +२ उत्तिर्ण

सम्पर्कः

**बिशाल टायर सेन्टर**

हेटौंडा-४, मेनरोड सुमार्गी कम्प्लेक्स

फोनः ९८४५८२९४११


# गाँजा खोज्न भारतीहरु राक्सिराङ छिर्न थाले



साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ प्रतिबन्धित लागूऔषध गाँजाको खोजीमा भारतीय मुलका युवाहरु सिधै मकवानपुरका गाउँ छिर्न थालेका छन् ।

धेरै गाँजा, अफिम उत्पादन हुने मकवानपुरको राक्सिराङ र कैलाश गाउँपालिकाको गाउँसँग भारतीयहरुले सिधा सम्पर्क बनाएको प्रहरीको अनुसन्धानबाट खुलेको छ । विगतमा राक्सिराङ र कैलाशका व्यक्तिहरुले गाँजा ल्याएर पूर्व-पश्चिम राजमार्गसँग जोडिएको मनहरी आसपासमा भारतीयको जिम्मा लगाउने गरेका थिए । स्थानीय कतिपयलाई प्रहरीले मनहरी खोला क्षेत्रमा लागूऔषध बोकिरहेको अवस्थामै पक्राउ गर्ने गरेको थियो । राक्सिराङ र कैलाशका स्थानीयहरु भटाभट पक्राउ गर्न थालेपछि भारतीयहरुले लागूऔषध उत्पादित गाउँसँगै सिर्धा सम्पर्क बनाउने गरेको मकवानपुरका निमित्त प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्की बताउँछन् ।

प्रहरीले बिहीवार राक्सिराङ गाउँपालिकाबाट दुई जना भारतीयलाई पक्राउ गरेको थियो । राक्सिराङ गाउँपालिका-५, प्रहरी चौकी चैनपुरले लागूऔषध गाँजासहित भारत मोतिहारी बिश्रामपुर ग्राम बस्ने १७ वर्षीय दिपुकुमार चौहान र २० वर्षीय बिक्कीकुमार चौहानलाई पक्राउ गरेको हो । उनीहरु विभिन्न बहानामा गाँजा खोज्दै गाउँ प्रवेश गरेको डिएसपी कार्कीले बताए । प्रहरी चौकी चैनपुरबाट खटिएको टोलीले पलासेबाट मनहरीतर्फ आउँदै गरेको ना २ ह ५७०१ नम्बरमा सवार दिपु र बिक्कीलाई चेकजाँच गर्दा लागुऔषध गाँजा ४ किलो ६ सय ग्राम फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

डिएसपी कार्कीका अनुसार गाँजा ओसारपसारमा संलग्न भएर प्रहरीले धेरै स्थानीयलाई पक्राउ गरेपछि भारतीयहरुले सिधै गाउँमै सम्पर्क बनाएका हुन् । करिब डेढ महिना अघि पनि दुई जना भारतीयहरुले पश्चिमी क्षेत्रका गाउँमै पुगेर गाँजा ल्याउँदै गर्दा रातोमाटे प्रहरीले पक्राउ गरेको थियो ।

'अब त गाउँमा लागूऔषध कारोबार गर्ने मान्छे सकिए होलान । त्यही भएर पनि भारतीयहरु गाउँ छिर्न थाले ।,' कार्कीले भने । प्रहरीको तथ्यांकअनुसार राक्सिराङ र कैलाशका सयौंको संख्यामा युवा तथा वृद्धाहरु भीमफेदी कारागारमा छन् । भीमफेदी कारागारमा राक्सिराङ र कैलाशका व्यक्तिहरु धेरै रहेको कार्कीले बताए ।

# कारागारको ढल र फोहोर सिधै खोलामा

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ मकवानपुरको पुरानो सदरमुकाम भीमफेदीस्थित क्षेत्रीय स्तरको भीमफेदी कारागारको ढल र फोहोर स्थानीय खोलामा सिधै मिसिने गरेको छ ।

कारागारमा ढल र फोहोर व्यवस्थापन गर्न सरकारी निकायले चासो नदिँदा कारागार प्रशासनलाई खोलामा छोड्नुपर्ने बाध्यता परेको जनाइएको छ । कारागारको शौचालयबाट निस्कने मलमुत्र सिधै खोलामा छोड्दा यसअघि स्थानीयले व्यवस्थापन गर्न ध्यानाकर्षण गराएका थिए । ढल र फोहोर सिधै खोलामा निकास हुँदा वातावरण प्रदुषण हुनका साथै स्थानीयवासीलाई समेत समस्या भइरहेको छ । कारागारका निमित्त प्रमुख मदन थिङले विगतदेखि नै कैदीबन्दीले प्रयोग गरेको शौचालयबाट निस्कने मलमुत्र नजिकैको खोलामा निकास हुने बताए ।

एक हजार १ सय ५० कैदीबन्दी राख्ने क्षमताको उक्त कारागारमा हाल १ हजार १ जना कैदीबन्दी छन् । जसमा एक नाबालक छन् भने २० महिला र ९ सय ८० जना पुरुष छन् । कारागारमा लागूऔषध सम्बन्धी अपराधमा संलग्न कैदीबन्दी बढी रहेको कारागारका निमित्त प्रमुख थिङले बताए । उनका अनुसार कारागारमा विदेशी कैदीबन्दी ६२ जना छन् । तीन वटा ब्लकमा रहेको उक्त कारागारमा २ वटा ब्लकमा पुरुष र एउटामा महिलालाई राखिएको छ । २ महिना अघिदेखि सो कारागारमा महिला पनि राख्न सुरु गरिएको हो ।

कारागारबाट निस्कने अन्य फोहोर सामग्रीको व्यवस्थापनमा पनि समस्या भइरहेको उनको भनाइ छ । कारगारबाट निस्केका कुहिने प्रकृतिका फोहोरबाट मल बनाउने गरिएको छ भने नकुहिने तथा प्लास्टिकजन्य फोहोर खाल्डो खनेर



गाड्ने गरिएको छ । जलाउन मिल्ने प्रकृतिका फोहोरहरुलाई भने जलाएर नष्ट गरिने उनको भनाइ छ ।

निमित्त प्रमुख थिङका अनुसार कारागारबाट निस्कने ढल व्यवस्थापनका लागि वैकल्पिक ऊर्जा (बायो ग्याँस) प्लान्ट निर्माण गर्न सकिने र त्यसका लागि ३० लाख रुपैयाँ खर्च लाग्ने स्टमेट तयार पारिएको छ । सो कार्यक्रम बजेट अभावका कारण कार्यान्वयन गर्न नसकिएको उनको भनाइ छ ।

गैर सरकारी संस्थाको सहयोगमा कारागारको ढल व्यवस्थापनका लागि वैकल्पिक ऊर्जा (बायो ग्यास-गोबर ग्यास) प्लान्ट निर्माण गर्न २५ लाख रुपैयाँको लागत अनुमान तयार पारी बजेटको माग गर्दा कारागार व्यवस्थापन विभागले १० लाख रुपैयाँ उपलब्ध गराएको उनले बताए ।

उक्त बजेटबाट काम सुरु गरेर अन्य स्रोत तथा गैर सरकारी संस्थाबाटै आर्थिक सहायता लिने तयारी गरिए पनि सो कार्य निकै लामो र असहज हुने देखिएपछि कार्यान्वयनमा समस्या भएको उनी बताउँछन् ।

कारागारमा हाल विद्युत महसुलबापत मासिक ५ लाख रुपैयाँ खर्च भइरहेको थिङले बताए । उक्त प्लान्ट निर्माण गरी ग्यास उत्पादन गर्दा हाल प्रयोग भइरहेको विद्युतीय चुल्हो विस्थापन गरी गोवर ग्याँस चुल्हो प्रयोग गर्न सकिने र खर्च कम हुने उनको भनाई छ ।


## घर भाडामा

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोटा एटेज बाथरुम, गाडी पार्किङ्, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. : ९८२७२५९८०६**

## सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# सौर्य मण्डलभन्दा पनि पुरानो क्षुद्र ग्रहमा भेटियो 'जीवन'



पृथ्वी र मंगलबीच सूर्यको चक्कर लगाउने क्षुद्र ग्रह रियुगूमा जीवन पैदा गर्ने तत्व भेटिएको छ । यो क्षुद्र ग्रह सौय मण्डलभन्दा पनि पुरानो छ । अर्थात्, सौर्य मण्डल बन्नु अगावै यो बनिसकेको थियो । जापानको हायाबुसा टु स्पेसक्राफ्टले सन् २०२० मा यो क्षुद्र ग्रहबाट माटोको पाँच ग्राम स्याम्पल लिएको थियो । त्यसपछि यो धर्तीमा फर्किएको थियो ।

जब यो माटोको अनुसन्धान गरियो तब त्यसभित्र जीवन जन्माउने तत्त्व भेटियो । यसको माटोमा कार्बनबाहेक १५ भिन्न भिन्न प्रकारका एमिनो एसिड भेटियो । जुन जीवनको उत्पत्तिका लागि महत्वपूर्ण छ । यो तत्त्व हाल जीवित छैन । तर यसले जीवन भने उत्पादन गर्न सक्छ । त्यसैले वैज्ञानिक यो एमिनो एसिडको प्रिबायोटिक गरि रहेका छन् । यो शोध हालै साइन्स जर्नलमा प्रकाशित भएको हो ।

जीवन दिने यी तत्त्व भएका क्षुद्र ग्रहमा जीवित रहने सम्भावना छ कि छैन भनेर पुष्टि भने हुन सकेको छैन । तर प्रिबायोटिक तत्व भेटिएपछि खराब वातावरणमा पनि जीवन हुर्कने सम्भावना रहेको प्रमाण भने भेटिएको छ । खराब वातावरण अर्थात् बढी सौर्य लहर, गर्मी, अल्ट्राभोयलेट रेडिएसन साथै तीव्र भ्याक्युमजस्तो स्थिति ।

बकतभचयष्मज्ञक्यूशू युनिभर्सिटीका प्रमुख शोधकर्ता हिरोशी नाराओकाले रियुगूको माटो जीवनको तत्वलाई जोगाउन सक्षम भएको पत्ता लाग्ने बताएका छन् । यसको अर्थ यो हो कि क्षुद्र ग्रह पूरा शौर्य मण्डलमा जीवन फैलाउन मद्दत गर्न सक्छ वा यसले फैलाएको होला । यसको अर्थ यो पनि हुनसक्छ कि धर्तीमा पनि कुनै क्षुद्रग्रहमार्फत् नै जीवन आएको होला ।


यो क्षुद्र ग्रह प्रिमोर्डियल क्लाउडको समयका बनेको थियो जब इन्टरस्टेलर धुलो घुमिरहेको थियो । यसको अर्थ यो हो कि जीवनको उत्पत्तिका लागि आवश्यक तत्त्व सौर्य मण्डल बन्नु अघि नै बनेको थियो । रियुगू एक कार्बनयुक्त क्षुद्र ग्रह हो । अर्थात् सौर्य मण्डलमा भएका ७५ प्रतिशत क्षुद्र ग्रह जस्तै जुन कार्बनले बनेको छ ।

यो क्षुद्र ग्रहको उत्पत्तिको समय ४५० करोड वर्ष अघि भएको मानिएको छ । अर्थात्, यहाँ भएको जीवनको तत्त्व त्यति पुरानो हुनसक्छ । जापानी स्पेस एजेन्सीसँग नासाले रियुगूको नमुना मागेको थियो । उसले ५ ग्रामको १० प्रतिशत नमुना पाएको थियो । यस्तै अनुसन्धान युरोपमा पनि भइरहेको छ । अर्को एउटा इन्टरनेशनल टिम ३० माइक्रोग्राम स्याम्पल लिएर यसको अनुसन्धान गरिरहेको छ ताकि माटोमा भएको सल्वेन्ट्स र अर्ग्यानिक तत्त्वको अनुसन्धान गर्न सकियोस् ।

रियुगुको माटोमा कार्बन, हाइड्रोजन, नाइट्रोजन, अक्सिजन, सल्फर र १५ एमिनो एसिड पाइयो । यसबाहेक नाइट्रोजनयुक्त एमिन्स र कार्बोजिलिक एसिड पनि भेटिएको छ । जुन कार्बन, हाइड्रोजन र अक्सिजनको मिश्रणबाट बन्ने गर्छन् । तर शोधकर्ताले रियुगुको माटोमा सुगर वा न्युक्लियोबेसेस भेटेका छैनन् जसबाट डिएनए र आरएनएको निर्माण हुन्छ ।

**यौन/जीवनशैली**

# दाम्पत्य सुख: यौनमा चरमोत्कर्ष



यौन सम्बन्धका क्रममा हुने चरम सुखको प्राप्तिलाई नै अर्गेज्म भन्ने गरिन्छ । जसको अनुभव यौन गतिविधिको दौरान हुने गर्छ । यसलाई कामोन्माद र चरमोत्कर्षको नामले पनि चिन्ने गरिन्छ । यसको अनुभव पुरुष र महिला दुवैलाई हुने गर्छ ।

यस लेखमा पुरुष अर्गेज्म र महिला अर्गेज्म दुवैको बारेमा बताउन लागिएको छ । साथमा महिलाहरूको लागि चरम सुख पाउने तरिका, चरम सुखको अनुभव कसरी हुन्छ, महिला र पुरुषमा चरम सुखको अनुभव गर्न नसक्ने अवस्था कस्तो हो ? जस्ता कुरा यो लेखमा उल्लेख गर्ने गरिन्छ ।

**आर्गेज्म के हो ?**

जब हामीलाई चरम सुखको अनुभव हुन्छ, त्यसपछि हाम्रो धड्कन र सास तीव्र रुपमा बढ्ने गर्छ र सास भारी हुन सुरु हुन्छ । यी महिलाहरू लगातार उत्तेजित भइरहे भने उनीहरूले एक पटकभन्दा बढी पनि यसको अनुभव गर्न सक्छन् । यस दौरान एकदमै धेरै महिलाहरू इजेक्युलेट गर्ने गर्छन् । यस प्रक्रियामा तीब्र यौन उत्तेजना या चरम सुखको प्राप्ति हुने गर्छ । यही क्रममा मूत्रमार्गको नजिकै रहेको ग्रन्थीबाट तरल पदार्थको श्राब हुने गर्छ ।

पुरुषमा मांसपेशी संकुचन हुँदा लिंगबाट शुक्राणु, इज्येक्युलेट(वीर्यपात) हुने गर्छ । यसपछि पुरुष एकै समयमा दुई पटक अर्गेज्मको अनुभव गर्ने गर्छन् ।

**महिला अर्गेज्म**

जर्नल न्युरोक्वान्टोलोजीमा प्रकाशित एक अध्ययन अनुसार महिला अर्गेज्म चार अलग प्रकारको (क्लिटोरल, वेजिनल, ब्लेडेड या मल्टिपल) हुने गर्छ ।

**१ क्लिटोरिसको उत्तेजनाद्वारा अर्गेज्म**

जसरी हामीले जान्ने गर्छौं कि योनीमा रहेको यो बाहिरी बनावट धेरै संवेदनशील हुने गर्छ । यस बिन्दुमा ८ हजार तन्त्रिका मिल्ने गर्छ । अधिकतर महिलाहरूको तर्फबाट हाम्रो समेत यस क्षेत्रमा संवेदनशीलताको अनुभव हुने गर्छ । तर न्युयोर्कको एक यौन चिकित्सकका अनुसार सिधै क्लिटोरिसको स्पर्श गर्नुभन्दा पहिले साथीको शरीरलाई स्पर्श गर्ने, आलिंगन गर्ने वा मालिस गरेर मात्रै शारीरिक योनीमा स्पर्श गर्न सुझाव दिन्छन् ।

**२ योनीको उत्तेजनाद्वारा अर्गेज्म**

जीस्पोट अर्थात् योनीको ३ देखि ५ सेन्टिमिटर भित्र एक किसिमको सानो सिक्काको आकारमा एक हिस्सा हुने गर्छ । यो हिस्सा महिलालाई चरमोत्कर्षमा लैजानको लागि सहायक मान्ने गरिन्छ ।

**३ योनी र क्लिटोरिस दुवैमा उत्तेजनाद्वारा अर्गेज्म**

विशेषज्ञका अनुसार योनी र क्लिटोरिस दुवैमा उत्तेजनाद्वारा गरिने अर्गेज्म सबैभन्दा शक्तिशाली हुन्छ ।

**४ अधिक अर्गेज्म**

मल्टिपल अर्गेज्ममा एकभन्दा धेरै अर्गेज्म महसुस हुने गर्छ । एक पटकको यौन सम्पर्कमा अलगअलग समयमा हुने गर्दैन । अध्ययनबाट पत्ता लागेको छ कि केही महिलाहरू यदि लगातार उत्तेजित भइरहे भने एकभन्दा धेरैपटक पनि उनीहरूमा अर्गेज्मको महसुस हुन सक्छ ।

**महिलालाई चरम सुख कसरी प्राप्त हुन्छ ?**

प्रमुख ७ व्यवहार जो महिलाहरूको निम्न प्रतिशतमा आकर्षित गर्ने गर्छ र चरम सुख पाउनको लागि मद्दत मिल्ने गर्छ ।

१. योनी सम्भोग - ६९.९ प्रतिशत
२. अधिकपटक आलिंगन - ६२.८ प्रतिशत
३. यौन सम्पर्कको समयमा अधिकपटक किस गर्नु - ४९.३ प्रतिशत
४.यौन सम्पर्कको समयमा मीठो र रोमान्टिक कुराकानी गर्नु - ४६.६ प्रतिशत
५. ओरल यौन प्राप्त गर्नु - ४३.३
६. रोमान्टिक फिल्म देख्नु - ४१.९

**महिलालाई चरम सुख पाउने तरिका**

महिलाहरू सम्भोगको क्रममा तरिका नजानेर पनि चरम सुख पाउन नसकिरहेको देख्न सकिन्छ । चार चरणमा यसरी पाउन सक्छन् महिलाले यौन सम्पर्कको क्रममा चरम सुख ।

**१. आफ्नो यौन स्वभावलाई सम्झिनु**

यौन सम्पर्कको बारेमा आफ्नो भावना र व्यवहारलाई राम्रोसँग सम्झिनु अर्गेज्मको लागि अति आवश्यक हुन्छ । विवाहअघिको प्रेमसम्बन्ध छ भने त्यो समयमा आफ्नो साथीसँग सोधौं कि यौन सम्बन्धको लागि के सामान्य हो र के स्वस्थ कुरा हो ?

यो चरणमा हामीले आफ्नो मनमा यौनको भावना र विचार र भावनालाई जगाउन मद्दत मिल्ने गर्छ ।

**२ आफैंले आफैंलाई स्पर्श गर्नु**

यौन सम्पर्क गर्नुभन्दा ३० मिनेटजति पहिले आधा/एक घण्टा पहिले आफ्नै शरीरको विभिन्न भागमा स्पर्श गरेर यौनको भावना जगाउने काम गर्नु जरुरी छ । यस्तो गर्नका लागि स्नान गर्ने जस्ता विधि पनि अपनाउन सकिन्छ । यसको लागि तेल लगायतको प्रयोग पनि गर्न सकिन्छ । चरम सुख प्राप्तिको अघिल्लो चरणमा जानुपूर्व यो कामलाई ५ देखि १५ पटकसम्म दोहोऱ्याउनुहोस् ।

**साहित्य**

लघुकथा

# खुट्टा

✍ **श्रवणकुमार ढुंगाना**

तपाईंले त चिनेको हुनुपर्ने । वहाँ जस्तोसुकै परिस्थितिमा पनि सत्ताप्रीय रहनमा निकै चर्चित हुनुहुन्छ नि ! वहाँले नै त हो कुनै समय सत्तासभामा 'दलाल पूँजिबादले गाँज्यो' भन्ने चिन्ता व्यापक भएको बेला त्यसलाई त्यसको ढाडबाटै भाँचेर, गलहत्याएर बाहिर निकाल्ने समाधान खोज्नु भएको ! तपाईंले सम्झनु भएन ? आफू भित्रको दलाललाई गलहत्याएर ढोका बाहिर राख्ने अनि कसैले पूँजि बुझाउन लगाउन ल्याएमा आफूले नलिने, त्यही दलाललाई जिम्मा लगाउने भनेर कति सरल र प्रभावकारी समाधान निकाल्नु भएको थियो वहाँले? कुनैबेला, भूमिको दलालीकरणले देशकै अर्थतन्त्र टाट उल्टने आशंका निर्मूल गर्दै र भूमिपतिहरू मात्र नभई हज्जारौं बेरोजगारहरूको खाइपाई आएको रोजगारी जोगाउन भूमिको दलालीकरणको संरक्षण गर्दै कौशी खेतिबाट देशमा निर्यातमूखि कृषि क्रान्ति ल्याउने नेतृत्व-प्रीय अवधारणाको जनक वहाँ नै हुनुहुन्छ । वहाँ त कार्यक्रमको व्योमीकरण र नतिजाको पातालीकरणका बावजुद प्रत्येक नयाँ जिम्मेवारीमा मानिसमा नयाँ आशा जाग्रित गर्न सक्षम व्यक्तिका रूपमा परिचित हुनुहुन्छ । अहिले वहाँ जस्तै श्रृजनशील व्यक्तिको आवश्यकता थियो। त्यसैले वहाँलाई नै अन्धकार निर्मुल गर्ने जिम्मा दिईएयो।

लक्ष्य थियो: यस लोकका सबै मानिसको जीवनको अन्धकार निर्मूल गर्ने जसले अन्धकारको आवरणमा हुने सबै कुकृत्य उदाङ्गो अनि निमिट्यान्न हुन्छ । यस्तो अन्धकार निवारण आयोजना देखाउनकै लागि मात्र भए पनि तत्काल शुरू गर्नुपर्ने थियो । अन्धाधुन्ध अन्धकार निर्मुल गर्न लाग्दा धेरै कुरा उदाङ्गिन सक्थ्यो । वहाँबाट चमत्कारीक उपायको आश थियो । वहाँले पनि चमत्कारिक रूपमा उपाय खोज्नुभयो । मुख्य समस्याको पहिचान यसरी भयो- 'अन्धकारको प्राथमिक कारक छायाँ हो, त्यसैले पहिले छायाँ निर्मुल गर्ने' । छायाँ निर्मुल कार्य शुरू भयो । छायाँ पार्नेको ढाड सेकेर । छायाँ पार्नेहरू आतङ्कित भए । भागाभाग भयो । केही समयमै वहाँको समितिबाट कार्य सफलताको प्रारम्भिक प्रतिवेदन पनि आयो- कार्यक्रमले शुरूवाती सफलता देखाएको, छायाँको मुख्य कारक वा अन्धकारको मुख्य जड पैदल यात्री भएको र छायाँ पार्नमा गाडी चढ्नेहरूको कुनै योगदान नभएको विवरण सहित ।

तर, समायान्तर सँगै कार्यक्रम असफल होला जस्तो भयो । किनभने, आतङ्कले मानिस पैदल हिँड्नै छाडे, तर अन्धकार भने विस्तारै बढ्दै गयो र यसरी बढ्दै जाँदा लोकै ढाक्न सक्ने देखियो । वहाँमा ठूलो संकट आईलाग्यो । आजसम्मका सबै सफलताहरू यसैले खाईदेला जस्तो भयो । अन्धकार भित्र पसेर अन्धकार समाएर बस्नेहरूलाई नखोजी अन्धकार मेटाउन सकिन्न भन्ने तथ्यले गाईंगुई बजार हल्लाको रूपमा बढ्दै गयो । वहाँलाई निकै दवाव परेपछि वहाँ आफैले अमिलो मुख लगाउँदै अन्धकारमा पस्ने हिम्मत गर्नुभयो, तर केहीबेरमै उत्साहित हुँदै बाहिर आउनुभयो र भन्नुभयो- 'त्यहाँ त कोहि भेटिएन, अन्धकार बनाउने कुनै टाउको देखिएन' । मानिसहरू दु:खी भए । वास्तवमा अन्धकारको कारक समाउन नसक्नु वहाँको असफलता थियो । एकैछिन खुसी भएपनि आफ्नो असफलताको कुराले वहाँलाई दुखी बनायो । कसैले वहाँलाई भन्यो- 'तपाईंले हतार गर्नुभयो । हतार हतार माथि-माथि हेरेर फर्कनुभयो । त्यसरी हुन्न । आरामले हेर्नुस् । खुट्टा हेर्नुस्, खुट्टा'।

अनिच्छा र असफलताको डरको द्वन्द्व विच वहाँ बडो भारी मन लिएर फेरि अन्धकार भित्र छिर्नुभयो । नभन्दै वहाँले त्यहाँ अनगिन्ती खुट्टाहरू देख्नुभयो । अनि, ती खुट्टाका मालिकहरू पनि देख्नुभयो । जे नहोस् भनेको त्यहि भयो । अन्धकार पार्ने र जोगाइराख्नेहरूको त्यो भिंडमा सबै भन्दा अगाडि त वहाँलाई अन्धकार हटाउने जिम्मेवारी दिनेहरू नै हुनुहुन्थ्यो । अझ आश्चर्य त के भने त्यहाँ वहाँले आफैंलाई पनि देख्नुभयो ।

वहाँ कैयौं महिना गुमनाम हुनुभयो । वहाँको ख्यातिले विस्तारै कुख्यातिको दुर्गन्ध छोड्न सुरू गऱ्यो । तैपनि, वहाँले हार मान्नु भएको थिएन । वहाँ फेरि उदाउनु भयो । तर, अस्ताउँदो घाम जस्तो मलिन अनुहारका साथ । केही समय वहाँलाई मानिसहरू सामू आफूलाई सम्हाल्न लाग्यो । र केहि समय अनुहारमा दृढ स्वाभिमानको लेपन गर्न । अनि, वहाँले स्पष्टिकरण दिनुभयो: 'कसैको खुट्टा देखिँदैमा त्यहाँ हात पनि वहाँकै छ भन्न सकिँदैन । त्यसैले हाम्रो खोज हात नभेटिँदासम्म निरन्तर, अथक, जारी रहन्छ'। वक्तव्य सकिँदासम्म उहाँमा पुरानो उर्जा पुनर्जाग्रित भैसकेको थियो।

कविता

# बाँकी जीवन यसै गरी बिताउँछु



✍ **प्रा. डा. मोहन प्रसाद जोशी**

म तिम्रै गीत गुनगुनाऊँछु
गाएर धेरै आनन्द पाउँछु

म तिम्रै काखमा पल्टिन आउँछु
पल्टेर सबै थकाइ मेटाऊँछु

म मनमा तिम्रो ध्यान लगाउँछु
मग्न भएर शान्ति पाउँछु

म तिम्रै चरणमा पर्न आउँछु
समर्पित भई आफैं हराउँछु

म मनमनै तिम्रो पूजा लगाउँछु
फूल भई आफैंलाई चढाऊँछु

म जेमा पनि तिमीलाई नै पाउँछु
अनेकताको भाव त्यसरी मेटाऊँछु

म बाँकी जीवन यसै गरी बिताउँछु
तिमीबाट आएँ, तिमीमै बिलाउँछु

कथा

# तिर्न नसकेको हिसाव



✍ **विमल लामिछाने**

नानी, स्कूलबाट अलि चाँडो आइज है, आज त रात नपार नि । घरमा अलि बेलैमा आउने गरेपो समयमा धन्दा छिनिन्छ, आमाको चिन्ता समयमै घरधन्दा छिन्ने छ ।

पहिलो पटक मजदुरीमा विदेशिन लागेको छोरालाई बिदाइ गरेजस्तै हरेक बिहान स्कुल जाने बेलामा आमा बिदाइ गर्नुहुन्थ्यो । आँखाले देख्ने ठाउँसम्म हेरिरहनुहुन्थ्यो । छोरो पाँच, छ घण्टापछि यही घरमा आउँछ भन्ने फिटिक्कै आमालाई लाग्दैनथ्यो । निकै टाढा जान लागेजस्तो बाटामुनीको गाउँ नकाटेसम्म हेरिरहनुहुन्थ्यो ।

बेलुका पनि पेटीमा बसेर जोरधारामाथि जापने कान्छाका रमिते ढुंगासम्म आँखा टट्याउन्जेल कतिबेला छोरो आउँछ भनेर हेरि रहनुभएकै हुन्थ्यो । अघिल्ला दिनका तुलनामा अलि छिटो आएपनि आँगनको पल्लो छेउमा आइनपुग्दै कति ढिलो गरेको ? आमा सोधीहाल्नु हुन्थ्यो ।

आमाका कुरामा केही प्रतिक्रिया नजनाइकन एकोहोरो सुनिरहन्थेँ मात्रै । मनमनै आमाको कुरालाई सही ठानेपनि आमालाई ढाडस दिँदै भन्थेँ के गर्नु आमा सरले घण्टी बजेपछिपनि पढाइरहनु भयो, अनि ढिला भइहाल्छ नि । अँ तेरोमात्रै पढाइ हुन्छ, उ धारापारीकाहरु अघि आए । लुङ्सुङदाडे, ठिङ्गेपुरे, खाम्बाडेहरु घर पुगिसके तेरोचाहिँ कसैले नपढेको स्कूल ।

लु छिटो खाजा खा, भित्र (समय अनुसारका स्कुस, तरुल, आलु,मकै, रोटी आदि) खाजा पकाएर राखेको छ । आमाको हातले पकाएको ज्जानोपानीमात्रै उमालेको झोल पनि कति मिठो लाग्थ्यो । साथीहरू गुड फ्राइडेको मुडमा हुन्थे । मलाई भने आमाको मुहारले घरमै तान्थ्यो । बेलुका आमासँग खाना खाइनँ भने उहाँले छोरो भोकै हुन्छ जस्तो सम्झिँनु हुन्थ्यो । म बाहिर खाएर आएँ भनेपनि तैँले नखाए म पनि खान्नँ भनेर आमा त्यतिकै सुत्नुहुन्थ्यो, कहिलेकाहीँ छिमेकमा या साथीकोमा खाएर आए पनि आमाको मन राखिदिन भाग बस्नैपथ्यो ।

नामको पछि इन्द्र जोडिएका (विरेन्द्र, सुरेन्द्र, बुद्धिन्द्र, दिपिन्द्र) मेरी आमाका चारभाइ छोरामध्येको साँईलो हुँ म । आमा नामको पछि एकर लगाएर बोलाउनु हुँदैन भन्नुहन्थ्यो, र इन्द्र जोडेरै बोलाउनुहुन्थ्यो । हरेक शब्द, कर्म र परिकारमा आमाको ममता थियो । जुनसुकै परिकार पनि निकै मिठो लाग्थ्यो आमाले पकाएको । आमापनि आफैले पकाएको गाँस र साथमानै छोराछोरीलाई स्कुल र कलेज पढाएकोमा समकक्षी र छिमेकीसँग गर्व गर्दै खुशी साटेको देखदा हामीमात्र होइन, छिमेकीहरुपनि दंग पर्थे ।

हिजोआज,आमासँग मेरो कहिलेकाहीँ मतान्तर हुन्छ र दोहोरी चल्छ, तर म जहिल्यै हार्छु । कहिल्यै जित्न सक्तिनँ आमालाई । अनि आमा भन्नुहन्छ- 'मैले पढाउँदा तिरेका पैसा फिर्ता ले'..... । आमालाई सयपत्रीको थुँगो, गौरी र गुणरत्नमाला फरर आउँछ, म अक्मकिन्छु, अनि आमा भन्नुहुन्छ 'मेरा पैसा फिर्ता ले' । आमालाई स्वास्थानीको कथा कण्ठस्थ र विश्वस्त छ, मलाई अधुरो र काल्पनिक लाग्छ । आमा रातभर भएपनि संगीनीमा नाँच्न र दोहोरीमा गाँउन सक्नुहुन्छ, मलाई कम्मर मर्काउनै आउँदैन । आमा तोरीको तेलले निधार मालिस गर्नुहुन्छ र अनुहार चम्किलो छ, म एलोभेरा र सुगन्धित अत्तर रोज्छु, आमा अर्ग्यानिक ढींडो र साकाहारी भोजनमा रमाउँनुहुन्छ, मलाई चिकेनचिल्ली र रोष्ट चाहिन्छ, आमा आफ्नै उत्पादनमा रमाउ भन्नु हुन्छ, र नैतिक दृष्टान्त सिकाउनु हुन्छ, मलाई विदेशी र्याप मनपर्छ, अनि आमा फेरि भन्नुहुन्छ 'मेरा पैसा फिर्ता ले' ।

आमा र मेरो प्रेमिल संवाद जहिलेपनि गणितमा पुगेर भाँडिन्छ । गणितमा म आमाको हुन कहिल्यै सकिँन । आमा भन्नुहुन्छ - 'तँलाई पढाउँन मैले बोकेका मलका भारी र फोरेका बारीका डल्ला गन्नुपरे तेरो क्याल्कुलेटरको अंकले भ्याउला ? तेरो स्कूलको फि तिर्न मैले गाँस काटेर बेचेको कोदो र चामलका दाना गर्न्नुपरे कति दिनमा हिसाव निकाल्छस् ? स्कुलमा नाम लेखाएको पैसा तिर्न तेरा बाले छिमेकी साहूका घर र गोठ छाउँदा औंलामा बाताले घोचेका डाम र खिल गन्नुपरे केको साहरा लेलास ? अँ हँ सक्दैनस् नानी हिसाव गर्नुपर्दैन' । म आमाको अघि फिक्का हुन्छु । त्यही भएर मेरो नाता आमाको गणितसँग बलियो हुनपनि सकेन । किनभने म आमाको हिसाव तिर्नै सक्दिँन ।

महँगो छ आमाको हिसाव । आमा हाम्रो उमेरको अन्तर कति वर्ष छ भनेर सोध्दा औला भाँचेरै फ्याट भन्नुहुन्छ, मलाई क्याल्कुलेटर चाहिन्छ । आमालाई परिवारभित्र नाती, नातिनी र पनातीमात्रै नभएर आफन्तजतिको जन्मदिन कण्ठस्त छ, मैले फेसबुक हेर्नैपर्छ । आमालाई कुन कुन सालमा ठूलो पानी पर्यो, पहिरो चल्यो, कहिले भूकम्प आयो सबै थाहा छ, मैले कि मापन केन्द्रलाई सोध्नैपर्छ, कि गुगल सर्च गर्नैपर्छ । आमा कोरी, तोला र मानाको हिसाव ठ्क्कै निकाल्नु हुन्छ, मलाई केजी मात्रै आउँछ, म भन्छु मानौ ए बराबर .......। आमा भन्नुहुन्छ मानो आठ बरावर पाथी । म फेरि हार्छु । अनि आमा भन्नु हुन्छ- ... 'मेरा पैसा फिर्ता ले' ।

हुन त मलाई गणित सुरुदेखि नै मन परेको थिएन । गणितको कमजोर विद्यार्थी, म हिसाव हत्तपत्ती बुझ्दिन थिएँ । तर हिसाव बुझ्नैपर्छ भनेर साथीहरु मलाई कर गर्थे । मन अलमल थियो । कतिले विस्तारै बुझिहाल्छौ नि भने । कतिले 'नबुझे पनि जिन्दगी चलिहाल्छ नि पनि भने । मैले कोसिस गरिहेरेँ । तर, हिसाव र पिसाव उस्तै रहेछ, नआउन्जेल आएहुन्थ्यो भन्ने, साहु बनेर हिसाव आएपछि थाम्नै गाह्रो । अहिलेका बैंकरलाई जस्तै । पछिल्लो समय बैंकहरुपनि हिसाव नजानेर टाट पल्टिदैछन् रे, मेरी आमाका अगाडीको म जस्तै । अझैपनि म त्रसित छु हिसावसँग । भागेको भाग्यै छु, सकेसम्म पाँचकोश जति परै रहन चाहन्छु । तर हिसाव भने बारम्बार मेरो अघिपछि लागेर आर्थिक कारोबारहरूको खोजीनिती गर्दै साँझ विहान हरेक समय आइरहेछ ।

हिसावमा हारेपछि मेरो पराजित हरियो मुहार देखेर आमा मलाई फेरि सम्झाउनु हुन्छ - 'साहित्यमा विश्व अडेको हुन्छ । साहित्यका सामु सूर्यपनि निष्तेज हुन्छ । साहित्यले बुद्धि बढाउँछ । साहित्य सार्थक जिवनको दिप पनि हो । हिसाव नजानेपनि साहित्यचाहिँ विर्सन मिल्दैन है' ।

आमा मलाई कथाहरू सुनाउँनु हुन्छ, मेरा लागि आमा उपदेशमुलक किताव नै हो । आमाका अथक प्रयासले आजकल मलाई अक्षरमा बग्न अंकसँग बग्नुभन्दा धेरै सजिलो लाग्न थालेको छ । मलाई जोड सिक्न खासै सकस परेन, घटाउ कताकता अप्ठ्यारै लाग्यो । आमा साहित्य जोडेरै सम्झाउनुहुन्छ । जीवनमा पनि साथीसँगी जोडिँदा कहाँ सकस पर्छ र ? गाह्रो हुने त घटाउनु पर्दा हो । प्रेममा पनि भावना जोडिँदा कति मज्जा आउँछ तर छुटिँन कति गाह्रो ? साहित्य रुचाउनेले कपीमा अंक र अक्षर भर्नमात्रै जानेर हुँदैन, मनमा प्रेम भर्न सक्नुपर्छ अनिमात्रै साहित्य फुर्छ । साथीभाइ राख्न सकिन्छ ।

म मुसुक्क हाँस्दै भन्छु -आमाका साहित्यमा गणित जस्तो जटिलता पनि रहेनछ नि । यस्तो मायाँ र प्रेमको हिसाव त मलाई निकै आउँछ नि आमा, तेसै मैले प्रेम विवाह गरेको हो त ? ढाडस दिँदै अझै थपेँ- हाम्रा बुबा र हजुरबाहरुपनि कति बाठा, जोड्न असाध्यै जान्ने । त्यही भएरपो रहेछ मेरी आमाको नामपनि मायाँ र प्रेमलाई जोडेर प्यारीमायाँ राखेका होलान है । अहिले आएर थाहा भयो असलमा आमाको साहित्यिक नाम पो रहेछ प्रेम अर्थात मायाँ ।

आमा जुरुक्क उठेर फेरि भन्नुभयो - ए यतिवेरमा त्यही पो बुझिस्,... मैले पढाउँदा तिरेका पैसा फिर्ता ले'..... । ...'मेरा पैसा फिर्ता ले' ।

# कृषक मूल्य नपाएर किन रुनुपर्छ ? बजार होइन, प्रणाली नभएर



काठमाडौं/२८ मंसिर २०७६ देखि ८ पुससम्म चितवनका कुखुरा र चल्ला उत्पादकले एक्कासी 'चिक्स होलिडे' घोषणा गरे । नेपाल ह्याचरी उद्योग संघको आह्वानमा ब्रोइलर र कोइलर जातको कुखुराको ६० लाख जिउँदा चल्ला नष्ट गर्ने १० दिने अभियान देशभर चल्यो ।

चल्लाको उच्च उत्पादनका कारण बजार मूल्य नपाएको भन्दै ह्याचरी उत्पादक संघले गरेको अभियान उनीहरूकै भाषामा सफल भयो । संघले यो घटनामा कुल क्षति कति भयो भनेर त खुलाएन । तर उनीहरूको एउटै दाबी थियो, 'बजार नभएका कारण उत्पादित अण्डा र चल्ला नष्ट गर्न बाध्य भइयो ।'

२०७७ जेठमा काभ्रे पाँचखालका किसानले आफूले फलाएको तरकारीले बजार नपाएको भनेर खेतमा तरकारीमाथि ट्र्याक्टर चलाए । कृषक गोविन्द रम्तेलका अनुसार त्यस वर्ष उनले खेतमा लगाएको गोलभेंडा, भिन्डी, खुर्सानी, लाम्चो खुर्सानी तथा फर्सी नबिकेपछि बारीमै मलको रूपमा फाल्नुको विकल्प नै भएन । त्यसको अघिल्लो वर्ष प्रतिकिलो ७२ रुपैयाँमा बिक्री गरेको गोलभेंडा १२ रुपैयाँमा पनि बिक्री हुन नसकेपछि फाल्नु परेको उनको भनाइ थियो ।

२०७६ चैतमा धादिङको बेनिघाट रोराङ गाउँपालिका-५ विशालटारका किसान राजकुमार विसुरालले खेतको मुला ट्र्याक्टर लगाएर जोते । दुई महिनाअघि लगाएको मुला बिक्न नसकेपछि उनले ६ रोपनी जग्गाको मुला खेती अर्को बाली लगाउन भन्दै जोतिदिए । किसानले आफ्नो उत्पादनले बजार नपाएको भन्दै आफैं उत्पादन नष्ट गरेको घटना नेपालका लागि अब नयाँ रहेन ।

२०७७ जेठमा चितवनका किसानले भिन्डी बारीमा ट्र्याक्टर चलाए । पूर्वी चितवनको खैरहनी-१ का किसान वासुदेव देवकोटाले ७ कठ्ठामा लगाएको आफ्नो भिण्डीबारी नष्ट गरेका थिए । खैरहनीकै अर्का किसान कृष्णप्रसाद सापकोटाले पनि आफ्नो भिण्डी बारीमा ट्र्याक्टर चलाए ।

दुई वर्षअघि तरकारी नबिकेको भन्दै खेतमा ट्र्याक्टर चलाइएको चितवनमा गत माघ २० गते देशकै ध्यान खिच्ने गरी किसानले सडकमा उत्पादन फ्याँकेर आन्दोलन गरे । आफूहरूले उत्पादन गरेको गोलभेंडा, फर्सी, काँक्रो, गाँजर लगायत तरकारी लागत मूल्य भन्दा निकै सस्तोमा पनि नबिकेको भन्दै किसानले नारायणगढ बजारको मूल सडकमै तरकारी घोप्ट्याएका थिए ।

तिनै तरकारी खन्याउने मध्येका एक कृषक धनु अधिकारीका अनुसार १८ रुपैयाँ प्रतिकिलो लागतमा उत्पादन गरेको गोलभेंडा ७ रुपैयाँमा लैजाउ भन्दा पनि बिक्री भएन । 'गाँजर, काँक्रो, बन्दा, फर्सीमा पनि यस्तै छ' अधिकारी भन्छिन्, 'भारतको तरकारी हाम्रोभन्दा महँगोमा बिक्री हुने तर नेपाली तरकारी किसानको खेतबाटै नबिक्ने कहिलेसम्म ?'

कृषकले उत्पादन गरेको वस्तु नबिक्ने निरन्तरको समस्याको कारण र यसको असर थाहा पाउन हामी केही वर्ष पहिलेको एउटा घटनामा फर्किनुपर्छ । २०७० सालको सुरुआती समयमा नेपालमा सडकमा दूध खन्याएर 'मिल्क होलिडे' मनाउने प्रचलन पूर्वी नेपालमा निकै भयो ।

दूध बिक्री नभएपछि रूपन्देही, चितवन, इलाम, झापा लगायत जिल्लाका किसानले सडकमै दूध पोखे । दूध उत्पादनबाट नाफा नभएको, यसले विभिन्न समस्यामा पारेको भन्ने मान्यताका कारण किसान दूध उत्पादन गर्नबाट निरुत्साहित भए । जसको प्रत्यक्ष असर इलामको गाई फार्ममा पऱ्यो । साताको तीन दिन मिल्क होलिडे भएपछि किसानहरूले गाई बिक्री गरे । गोठहरू खाली भए ।

दूध उत्पादनमा देखिएको यो वितृष्णा बढ्दै र फैलिंदै दूधको राष्ट्रिय उत्पादनसम्मै पुग्यो । दूधमा आत्मनिर्भर नेपाल आर्थिक वर्ष २०७८/७९ सम्म आइपुग्दा दूध आयात गर्नुपर्ने अवस्थामा पुग्यो । गत असोजमा कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्रकुमार सिंह यादवले आर्थिक ऐनले वर्जित गरेको कच्चा दूध आयात खुला गरे ।

यो निर्णयलगत्तै सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डीडीसी) ले भारतको पटना डेरीबाट १० लाख ६४ हजार लिटर दूध आयात गऱ्यो । नेपालमा दूध उत्पादन कम भएको, उत्पादन भएको दूध पनि बजारमा संकलन गर्न कठिनाइ भएकोले दूध आयात गर्नु परेको दुग्ध विकास संस्थानको दाबी थियो ।

तर, कृषि मन्त्रालयको विवरणहरूमा आधारित आर्थिक सर्वेक्षण २०७८/७९ ले दूधको उत्पादन बढेको देखाउँछ । उक्त आवको फागुनसम्म १७ लाख मेट्रिक टन दूध उत्पादन भएको सरकारी तथ्यांकमा उल्लेख छ, जबकि अघिल्लो वर्ष २४ लाख ८० हजार मेट्रिक टन दूध उत्पादन भएको सर्वेक्षणमा उल्लेख छ । सरकारले भारतबाट दूध आयात खुला गरिरहँदा चितवनका दुग्ध किसान भने दूध बिक्रीको उधारो नपाएको भन्दै सरकारी संस्था डीडीसी विरुद्ध आन्दोलनमा थिए ।

सरकारले दैनिक एक लाख लिटर बढी दूध आयातको अनुमति जारी गर्दा ७०० जना किसान आबद्ध भरतपुरको गंगानगर दुग्ध उत्पादक सहकारी भने सरकार विरुद्ध आक्रोश व्यक्त गरिरहेको थियो । दैनिक ६ हजार लिटर दूध संकलन हुने सहकारीका किसानले दुग्ध विकास संस्थान डीडीसीबाट तीन महिनादेखि भुक्तानी पाएका थिएनन् । 'साउनदेखि दूध बिक्रीको पैसा पाइएको थिएन, सरकारले असोजमा दूध आयात गर्ने निर्णय गऱ्यो', सहकारीका व्यवस्थापक रामप्रसाद सापकोटाले भने ।

पशु पालनका लागि आवश्यक कच्चा पदार्थमा भएको मूल्य वृद्धिले किसान हैरान भएको बेला एकातिर उधारो राख्ने र अर्कोतिर दूध आयात गर्न दिने सरकारको नीतिले किसान मर्ने अवस्था सृजना भएको सापकोटाले बताए ।

किसानको उत्पादनले बजार नपाउने कुरा यत्तिमै सीमित छैन । मुलुकको प्रमुख कृषि उत्पादन धान बिक्री गर्न किसानले फलामकै चिउरा चपाउनुपर्छ । किसानले उत्पादन गरेको धानको मूल्य ठिक समयमा नतोकिंदा र मूल्य तोकिएपछिको खरिद प्रक्रिया बेलैमा सुरु नहुँदा धानका पकेट क्षेत्रहरूमा किसानहरूले आधा सस्तोमा बिचौलियालाई धान बेच्नुपर्छ ।

यसै त मल, बीउ, सिंचाइ जस्ता सुविधाबाट वञ्चित किसान आफ्नो उत्पादनको मूल्य पाउने कुरामा समेत अन्यायमा पर्छन् । व्यापारी र बिचौलियाले धान खरिद गरिसकेपछि सरकारले मूल्य तोक्छ र तिनै व्यापारीमार्फत धान किन्छ । सुदूरपश्चिम प्रदेशको बर्दगोरिया वडा नम्बर १ का किसान मिथुन गौतमले गत कात्तिक अन्तिम साता २१०० रुपैयाँ प्रति क्वीन्टलमा आफ्नो खेतको धान व्यापारीलाई बिक्री गरे ।

त्यहाँका किसानले कात्तिक नसकिंदै खेतको धान बिक्री गरिसकेका थिए । गौतमका अनुसार यहाँ अधिकतम २३०० रुपैयाँ प्रति क्वीन्टलमा धान बिक्री भएको छ । 'कात्तिक अन्तिम साता नै मेशिनले धान काट्यो । घरमा थन्क्याउन सकिएन, व्यापारीले चाहेकै मूल्यमा धान लगे' गौतमले अनलाइनखबर सँग भने ।

किसानले धान बिक्री गरिसकेपछि बल्ल सरकारले २५ कात्तिकमा मूल्य तोकेको जानकारी दियो । त्यसको झण्डै तीन सातापछि मात्रै जिल्लाका केही ठाउँमा धान खरिदका लागि सरकारी कम्पनीले पसल थापेको गौतम बताउँछन् ।

दाङ राजपुरका खुमबहादुर यादवले धान बिक्री गरिसकेपछि आफ्नो क्षेत्रमा खाद्यको धान खरिद गर्ने प्रक्रिया सुरु भएको बताए । उनका अनुसार धान खरिदमा देखिएको यस्तो प्रवृत्ति नयाँ होइन । आफ्नै माटोमा पसिना बगाएका किसानले धान थन्क्याउने ठाउँ नपाउँदा र उचित मूल्य नपाएका कारण सस्तोमा धान बेचिरहेका बेला मुलुकले भने भारतबाट ६ महिनामा १८ अर्ब ६३ करोड रुपैयाँको धान चामल आयात गरेको छ ।

यस्तै चितवन, काभ्रे, सर्लाहीका किसानले मूल्य नपाएको भन्दै तरकारी फ्याँकेको बेला ४२ करोड रुपैयाँको १९ सय मेट्रिक टन हरियो तरकारी भारतबाट नेपाल भित्रियो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार अझै पनि ६१ प्रतिशत जनसंख्या कृषिमा आश्रित छ । कृषि उपज उत्पादनका लागि आवश्यक मल, बीउ, सिंचाइ जस्ता आधारभूत सहयोगमै सरकार बाट ठगिएका उनीहरू दु:ख गरेर फलाएका उत्पादनले बजार नपाउँदा कि सस्तोमै बिक्री गर्छन्, नभए सडकमै उत्पादन फ्याँकेर आक्रोश पोख्न विवश छन् ।

बजारको माग अनुसार उत्पादन शृंखला, उत्पादन अनुसार को वितरण प्रणाली, कृषि उपजको भण्डारण तथा सह-उत्पादन र स्वदेशी उत्पादनको संरक्षणबारे न किसान जानकार छन् न सरकारले पर्याप्त लगानी र संरक्षण नै गरेको छ । चालु आर्थिक वर्षको माघसम्म नेपालले भारतबाट ३ लाख ५७ हजार किलो गाँजर किनेको भन्सार विभागको विवरणमा उल्लेख छ । ५६ लाख ५८ हजार रुपैयाँको गाँजर भारतबाट नेपाल आउँदा चितवनका किसान भने आफूले उत्पादन गरेको गाँजर र काँक्रोले बजार नपाएको भन्दै सडकमा फ्याँकेर आन्दोलन गर्दैथिए । लामो समयदेखि बजार नपाएको भनेर गुनासो गर्दै आएका किसान उत्पादनकै मौसममा भारतीय बजारको मारमा सबै खाले उत्पादनमा पर्ने गरेको चितवनका किसान लेखनाथ भुसाल बताउँछन् ।

'हामीले लागत अनुसारको मूल्य तोक्छौं, व्यापारी आएर उसले भनेको मूल्य नदिए तिम्रो उत्पादन बजारमै सुकाइदिन्छु भन्छ' भुसालले भने, 'हामी त लड्दा लड्दै खेतीबाट पलायन हुने अवस्था आयो । खेतमा काम गर्नुपर्ने मान्छे । कृषक बचाउने लडाइँमा लाग्नु परेको छ ।'

सरकारी तथ्यांक अनुसार नेपालको मागअनुसार वार्षिक ८ लाख ६७ हजार मेट्रिक टन चामल, ९५ हजार मेट्रिक टन हरियो तरकारी, ३ लाख ४० हजार मेट्रिक टन आलु अपुग छ । यस्तै १ लाख ७४ हजार मेट्रिक टन प्याज, ८७ हजार मेट्रिक टन स्याउ, ६६ हजार मेट्रिक टन केरा, १२ हजार मेट्रिक टन सुन्तला र २ लाख १५ हजार मेट्रिक टन दलहन पनि आन्तरिक उत्पादनले नधानेर आयात गर्नुपर्ने अवस्था छ ।

दैनिक उपभोग्य केही प्रमुख कृषि उपजहरूमध्ये कुल आन्तरिक खपतमा सबैभन्दा धेरै परनिर्भरता स्याउ र प्याजमा रहेको कृषि मन्त्रालयले जनाएको छ । तेस्रोमा दलहन र चौथोमा चामल पर्छ । कुल राष्ट्रिय खपतमा स्याउको आयात हिस्सा ६२ प्रतिशत छ भने प्याजको ३९ प्रतिशत छ ।

यस्तै दलहनको ३४ प्रतिशत छ भने चामलको २१ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । नेपाललाई एक वर्षमा ४२ लाख ४९ हजार मेट्रिक टन हरियो तरकारी चाहिनेमा ४१ लाख ५३ हजार मेट्रिक टन आन्तरिक उत्पादन र ९५ हजार मेट्रिक टन आयातमा आधारित रहेको मन्त्रालयले जनाएको छ । चितवनका किसानले आफ्नो गोलभेंडा, काँक्रो र गाँजर बेच्न नसक्नुको कारण भारतीय गोलभेंडा भएको बताउँछन् । कृषि विकास मन्त्रालयको तथ्यांक हेर्ने हो भने कृषि उपजको माग पूर्तिको ठूलो हिस्सा आन्तरिक उत्पादनकै छ । तर, व्यापारीहरूमा आधारित आयात, आन्तरिक उत्पादनको कमजोर आपूर्ति शृंखला जस्ता कारणले किसान पेशाबाट पलायन हुँदै जाँदा आन्तरिक बजार आयातको कब्जामा जाने जोखिम बढेको छ । कृषक लेखनाथ भुसाल भन्छन्, 'अहिलेको हाम्रो लडाइँ पनि आन्तरिक बजार सुदृढ गर्न र भारतीय उत्पादनसँग नै हो ।'

चितवनका किसानले २० माघमा सडकमा तरकारी फालेपछि हामीले कृषि मन्त्रालयका सहसचिव प्रकाशकुमार सञ्जेललाई सोधेका थियौं, 'किसानले मूल्य नपाएकै हुन् ?' जवाफमा सहसचिव सञ्जेलले भनेका थिए, 'चितवनका किसानले ७ रुपैयाँमा बिक्री नभएर गोलभेंडा फ्याँकेको दिन स्याङ्जामा ५५ रुपैयाँ किलोमा गोलभेंडा बिक्री भइरहेको थियो । काठमाडौंमा पनि गोलभेंडाको मूल्य ३० रुपैयाँ भन्दा माथि नै थियो ।'

प्रवक्ता सञ्जेलको भनाइको तात्पर्य थियो आन्तरिक आपूर्ति शृंखला मजबुत नहुँदा उत्पादक कृषक र उपभोक्ता दुवै अहिले समस्यामा छन् । एकाध घटनालाई छोडेर मौसमी उत्पादनका धेरै कृषि उपजको हकमा यस्तो देखिएको उनले बताए ।

सञ्जेलको भनाइमा बल पुग्ने तर्क उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव डा. नारायणप्रसाद रेग्मीको पनि छ । मुस्ताङको स्याउ काठमाडौं ल्याउनु भन्दा चिनियाँ वा भारतीय बजारको स्याउ नेपाल ल्याउन सजिलो रहेको उनले बताए । यस्तो आपूर्ति शृंखला कृषि र नेपाली उत्पादनका हरेक वस्तुमा लागू हुने रेग्मी बताउँछन् । आधुनिक हुने नाममा नेपालले कृषिमा आधारित उत्पादन शृंखलालाई त्यागेर उद्योग र कलकारखानामा रूपान्तरण गर्ने नीति लिएको तर त्यसले कृषि मासिन पुगेको र औद्योगिक विकास पनि नभइदिंदा समग्र समस्या पैदा भएको रेग्मी बताउँछन् । 'हामी कृषिमा थियौं, उद्योगमा जाने भन्यौं । कृषि मासियो' उनी भन्छन्, 'यही बेला वस्तु आयातमा भर्खरै छिरेका हामीले उद्योगमा पनि विकास गरेनौं । त्यसपछि सेवा आयातमा पनि लाग्यौं ।'

सहसचिव रेग्मीका अनुसार अहिले नेपाल आन्तरिक उत्पादन, आन्तरिक वितरण, वितरणका पूर्वाधार सबै कुरामा कमजोर शृंखला नमिलेको अवस्थामा पुगेको छ । गाउँमा जनशक्ति र उत्पादनका आधार नहुँदा कृषि उपजको उत्पादन मासिन पुगेको, भएका उत्पादन ठूलो आकारमा नहुँदा लागत बढ्दो छ भने कृषि गरिने भूगोल र जनसंख्यालाई पूर्वाधारमार्फत ठूला शहरसँग नजोडिएको रेग्मी बताउँछन् ।

'हाम्रो विकास पूर्वाधार मोडल हेर्‍यौं भने हाम्रो कृषिको समस्याको जड थाहा हुन्छ' रेग्मी भन्छन्, 'काठमाडौंसहितका ठूला शहर र जनसंख्या जोड्ने सडक पूर्वाधार हाम्रो उत्पादन क्षेत्रका लागि भन्दा पनि छिमेकी देश र उत्पादनका केन्द्रदेखि सहज र सरल पहुँचका बने ।' छिमेकी मुलुकको ठूलो आकार को उत्पादन, उत्पादन निर्यातमा अनुदान, कम लागतमा उत्पादन जस्ता सुविधाले स्वदेशी उत्पादन भन्दा आयातित उत्पादन सस्तो हुँदा स्वदेशी उत्पादन चक्र बिथोलिएको रेग्मीको बुझाइ छ ।

२०७४ सालमा बंगुरको उच्च उत्पादनले बजार नपाएको भन्दै किसान ठूलो समस्यामा परे । बंगुर पालेर आर्थिक उन्नति गर्न भन्दै धेरै किसान एकै पटक लागेपछि देशभर बंगुरका पाठा भए तर तिनको बिक्री हुने बजार भएन । तत्कालीन समस्यालाई नजिकबाट देखेको तत्कालीन पशुपन्छी विकास मन्त्रालयले कृषकको उत्पादन बचाउन र लगानी सुरक्षित गर्न भन्दै बजार खोजेर उत्पादन गर्न लागाउने अवधारणामा 'बजार इन्टेलिजेन्स' भन्ने अवधारणा अघि सार्‍यो । पहिलो पटक पूर्ण बजेट बनाएको मन्त्रालयले बजार खेजेर मात्रै किसानलाई उत्पादन गर्न लगाउने गरी प्रदेशमा बजेट र कार्यक्रम पठायो ।

तत्कालीन घटनाक्रमलाई बुझेका उपसचिव डा. प्रदीपचन्द्र भट्टराईका अनुसार सो अवधारणामा पोखरामा 'पिग पार्क' को अवधारणामा काम अघि बढेको थियो । यसले बंगुर पाल्ने किसानको उत्पादन विवरण लिन्थ्यो र त्यो बंगुरको मासु खपत हुने ठूला होटल र मासुका परिकारको व्यवसाय गर्नेहरूलाई किसानसँग जोड्ने काम गर्थ्यो । तर, यो कार्यक्रमलाई पोखरामा अघि बढ्नै दिइएन । पछि कृषि र पशुपन्छी विकास मन्त्रालय समायोजन भएर एउटै मन्त्रालय बनेपछि कृषि मन्त्रालयमा कृषि उत्पादनका सबै क्षेत्रमा यस्तो अवधारणा अघि बढाउने भनियो । तर, काम अघि बढेन ।

*(स्रोत: अनलाइनखबर)*

# काठमाडौंमा थपियो अर्को मल्टीप्लेक्स

काठमाडौं/कोरोना महामारीपछि एकातिर सिंगल थिएटर बन्द हुने क्रम बढेको छ भने अर्कोतिर सुविधा सम्पन्न मल्टीप्लेक्स हल खुल्ने क्रम पनि बढेको छ । यस्तैमा, काठमाडौंमा अर्को मल्टीप्लेक्स हल सञ्चालनमा आएको छ । करिब १२ करोड लगानीमा शुक्रबारबाट सीतापाइलास्थित अनुपम मलमा सीके सिनेमाज् सञ्चालनमा आएको हो । बिहीबार चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले रिवन काटेर हलको उद्घान गरे ।



नेपाल चलचित्र संघका महासचिव तथा निर्माता नरेन्द्र महर्जन सञ्चालक रहेको हलमा छविलाल तिमिल्सेना, किशोर खतिवडा र विवेक तिमिल्सेनाको लगानी छ । हल उद्घाटनको क्रममा बोर्ड अध्यक्ष केसीसहित काठमाडौं क्षेत्र नं. ८ का संघीय सांसद विराजभक्त श्रेष्ठ, नागार्जुन नगर पालिकाकी उपमेयर सुशिला अधिकारी उपस्थित थिए । ३ सय ९१ सिट क्षमता रहेको दुई अडिटोरियममा ७.१ र डल्बी एटमोस साउण्ड सिस्टम जडान गरिएको छ ।

हल शुभारम्भ कार्यक्रममा बोल्दै बोर्ड अध्यक्ष केसीले सिनेमा हल कलाकार र दर्शकको लागि मन्दिर भएको बताए । उनले भने, 'सिनेमा हल कलाकारका लागि मात्र नभइ सिनेमा प्रेमीको लागि पनि खुसीको कुरा हो । शहरमा मात्रै होइन, गाउँ-गाउँमा सिनेमा हल खुल्नु पर्छ ।' त्यस्तै, सांसद श्रेष्ठले सिनेमा हल सबैको साझा सम्पत्ति भएकाले शान्ति सुरक्षा कायम राख्दै हलको सरक्षा गर्नुपर्नेमा जोड दिएका छन् ।

# 'नाईं नभन्नू ल ६' टिजरमा आँचलका खातिर आशिर्वादको लडाइँ



काठमाडौं/आगामी नयाँ वर्ष अर्थात् २०८० सालको बैशाख १ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'नाईं नभन्नू ल ६'को टिजर सार्वजनिक गरिएको छ । शुक्रबार सार्वजनिक १ मिनेट २५ सेकेन्डको टिजर विशेषत: एक्सन प्रधान छ । यसका अघिल्ला श्रृंखला पारिवारिक र बाल मनोविज्ञानमा आधारित भएर बने पनि छैठौं श्रृंखलामा प्रेम प्राप्तिका लागि हुने लडाइँलाई प्रस्तुत गरिएको टिजरले बुझाउँछ ।

टिजरमा डेब्यू अभिनेता आशिर्वाद बी क्षेत्रीलाई दुई फरक अवस्थामा चित्रण गरिएको छ । एउटा पाटोमा उनी रोमान्टिक अवतारमा चित्रित छन् भने अर्को पाटोमा एक्सन गर्दै देखिएका छन् । अभिनेत्री आँचल शर्माको प्रेम पाउन उनले गरेको संघर्षपूर्ण लडाइँलाई टिजरमा प्राथमिकता दिइएको छ । टिजरमा प्रियंका कार्की, केकी अधिकारी, निखिल उप्रेतीका छोरा अथर्व पनि अटाएका छन् ।

विकासराज आचार्यद्वारा निर्देशित फिल्ममा निर्देशक आचार्य, सामीप्यराज तिमल्सिना र अरुणदेव जोशीको लेखन छ । 'नाईं नभन्नू ल' सिरिजको पर्यायझैं बनेका अनुभव रेग्मी छैठौं श्रृंखलामा केमियो भूमिकामा छन् । सरोज खनालको पनि फिल्ममा अभिनय छ । टिजर हेर्दा निर्देशक आचार्यले 'नाईं नभन्नू ल' सिरिजलाई अब कथावस्तुको हिसाबले फरक बनाउने प्रयास थालेको बुझ्न सकिन्छ ।

आख्यान फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्मको निर्मातामा विकासराज आचार्य र विष्णुमणि दाहाल छन् भने सञ्जय न्यौपाने, रमेश चौधरी, पुरुषोत्तम प्रधान कार्यकारी निर्मातामा छन् । फिल्ममा हिमाल केसीको द्वन्द्व निर्देशन, पुरुषोत्तम प्रधानको छायांकन, सन्देश शाहको सम्पादन, एलिस कार्कीको ब्याकग्राउन्ड स्कोर, कविराज गहतराज र मनोज विश्वकर्माको कोरियोग्राफी रहेको छ ।

# चैत २४ मा 'प्रसाद २', ट्रेलरमा बुलन्द विपिन र केकी

काठमाडौं/आगामी चैत २४ गतेलाई नयाँ प्रदर्शन मिति घोषणा गर्दै फिल्म 'प्रसाद २'को ट्रेलर सार्वजनिक गरिएको छ । पहिला आगामी बैशाख १ गतेलाई प्रदर्शन मिति घोषणा गरिएकोमा त्यस मितिमा 'हेभीवेट' भिडन्त हुने भएपछि निर्माण पक्षले फिल्मलाई एक हप्ता अगाडि सार्दै शुक्रबार ट्रेलर सार्वजनिक गरेको हो । जसमा जातीय विभेद अन्त्य गर्नका लागि बाबुराम पात्रले गर्ने संघर्षलाई देखाइएको छ ।

महिलामाथि हुने बलात्कारको घटनालाई समेत प्रस्तुत गरिएको ट्रेलरमा बाबुराम पात्र (विपिन कार्की) अधिकारको लडाइँका लागि राजनीतिक पार्टी खडा गरेर चुनावी मैदानमा होमिएको छ । उसलाई रोक्न कसरी षड्यन्त्र र जालझेलको खेल हुन्छ भन्ने कथासार प्रस्ट्याइएको ट्रेलरमा संवाद, छायांकन र ब्याकग्राउन्ड स्कोरको काम राम्रो छ । विपिन र केकी अधिकारीको अभिनय बुलन्द छ ।

सुदर्शन थापाको निर्देशनमा बनेको फिल्मको स्लोगन 'माया भन्दा ठूलो नै के छ र !' राखिएको छ । यो २०७५ सालको हिट फिल्म 'प्रसाद'मा समावेश गीतको एक अंश हो । सुदर्शन बस्नेत निर्माता रहेको फिल्मको प्रस्तुतकर्ता सुभाष थापा हुन् । सुशिल पौडेलको लेखन रहेको फिल्ममा अर्पण थापा, महेश त्रिपाठी, कमलमणि नेपाल, प्रकाश घिमिरे, विशाल पहाडीलगायतको पनि अभिनय छ ।

सुलभ थापा प्रोडक्सनले एसजी फिल्म्ससँग मिलेर निर्माण गरेको फिल्मका छायाँकार राजेश श्रेष्ठ हुन् । 'प्रसाद २'मा विक्रम स्वारको कोरियोग्राफी, मिलन श्रेष्ठको सम्पादन, राजनराज सिवाकोटीको शब्द रचना तथा संगीत र शैलेस श्रेष्ठको ब्याकग्राउन्ड स्कोर छ । फिल्मको कथावस्तुले यसपटक दर्शकलाई झनै आकर्षित गर्ने निर्देशक थापा बताउँछन् । फिल्मको वितरण विके फिल्म्सले गर्नेछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई, हामी सबैको कुरा"


साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# नयाँ बाटोबाट मकवानपुरबाट धादिङ छिचोल्दा मन्त्री दुलालले सम्झिए युद्धकाल

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ मकवानपुरको विकट क्षेत्र राक्सिराङ र कैलाश गाउँपालिका हुँदै धादिङ पुगिने सडकको ट्र्याक यसअघि नै खुलिसकेको छ ।

उक्त सडकको ट्र्याक खुलेपनि ठाउँठाउँमा अवरोध हुँदा वर्षातमा भने आवतजावत गर्न समस्या हुँदै आएको छ । जिल्लाको पश्चिमी व्यापारिक केन्द्र मनहरीबाट खैराङ हुँदै धादिङको आदमघाट जोडिने सडक विगतमै ९८ करोडको सडक प्रस्तावित भएर काम भएको थियो । उक्त सडकबाट बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलाल धादिङ आदमघाट पुगेका छन् । सडकको अनुगमन गर्न हिँडेका दुलालले युद्धकालिन समयमा बिताएका दिनको स्मरण गर्दै सामाजिक सञ्जालमा लेखेका छन् ।



उनले हेटौंडाबाट धादिङबेसीको यात्रा गरेको बताएका छन् । हेटौंडा-नारायणघाट-मुग्लिङ भएर नभई मकवानपुरको पश्चिमी र उत्तरी क्षेत्र हुँदै धादिङ छिचोल्ने नयाँ बाटोबाट हिँडेको बताए । 'आफू छापामार हुँदा, बसेका बस्तिहरु, चौकिटार, रुपराङ (कमरेड अनिता स्यांग्बोको गाउँ जहाँ युद्धकालमा बास बसिएको थियो) हुँदै डाँडाखर्क (हर्क घलान दाईको घर, युद्धकालमा बास बसिएको),' दुलालले लेखेका छन् । कैलाश-बैकुण्ठ-बेनिघाट रोराङ-१, बासखर्क हुँदै गजुरी गाउँपालिकाको आदमघाट निस्कने बाटो यात्रा गरिएको उनको भनाई छ ।

मनहरी-आदमघाट ६५ किमि सडकलाई स्तरोन्नती गर्न उनीसँग मकवानपुरको पश्चिमी क्षेत्रका नेताहरुले पहल गरेका छन् । धादिङ छिचोल्ने क्रममा मन्त्री दुलालले निवर्तमान बागमती प्रदेशसभा सदस्य ओमबहादुर ग्लान, कैलाश गाउँपालिकाको निवर्तमान अध्यक्ष टंक मोक्तानलाई भेट गरेका थिए । दुलालले युद्धकालमा बास बसेका घर परिवारसँग पनि भेट गरेको बताएका छन् । युद्धकालमा बास बसेका दिन सम्झिँदै उनले भनेका छन्, 'पुराना यादहरु नयाँ खुशी बनेर उदाइरहेका छन् । हिजोको भिर पाखामा प्रदेश बनेपछि यातायात संजाल र अन्य पूर्वाधारको विकास भइरहेका छन् ।,' उनी प्रदेशसभाको अघिल्लो कार्यकालमा सामाजिक विकास मन्त्री थिए ।

मनहरीबाट धादिङ छिचोल्ने निमार्णधीन सडकलाई पश्चिमी क्षेत्रको रणनैतिक सडकका रुपमा हेरिन्छ । चालू आर्थिक वर्ष २०७९/०८० मा बागमती प्रदेश सरकारले ३४ करोड रुपैयाँ बिनियोजन गरेर सडक स्तरीकरण गर्दैछ । उक्त सडक खण्डमा राक्सिराङस्थित परेवाभीर पर्नेछ । बागमतीका हालका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले गत असारमै आर्थिक मामिला तथा योजना मन्त्री हुँदा परेवाभीरसहित सडक खण्डको निरीक्षण गरेका थिए । मनहरीदेखि आदमघाट सडक निरन्तर ३ बर्षमा कालोपत्रे हुने प्रतिबद्धता जनाइएको थियो ।

आदमघाट-मनहरी सडक खण्डको ६५ किलोमिटरमध्ये परेवाभीर खण्डमा ६ सय मिटर बाटो जोखिम छ । पर्खाल उठाएर सडक निर्माणको कार्य राक्सिराङ गाउँपालिकाको २ करोड र संघीय सरकारको तर्फबाट २ करोडसमेत लगानी गरी निर्माणाधीन अवस्थामा छ । गतबर्षको बाढीले परेवाभीर खण्डमा क्षति पुऱ्याएको थियो । परेवाभीरबाट सडक बने राक्सिराङ र कैलाशका बासिन्दाले सहजै मनहरी आवतजावत गर्न सक्छन् । परेवाभीरका कारण धेरैले मनहरी खोलामा बगेर ज्यान गुमाउने परेको घटना छन् ।

# गाईभैंसी पालन सम्बन्धी तालिम



साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ बागमती गाउँपालिकामा गाईभैंसी पालनसम्बन्धी एक दिने तालिम प्रदान गरिएको छ । गाउँपालिकाको पशुपंछी शाखाको आयोजना तथा २ नम्बर वडा कार्यालयको समन्वयमा तालिम भएको हो ।

तालिममा बोल्दै २ नम्बर वडाका अध्यक्ष जनकबहादुर पहरीले वडाभरीका ३४ जना कृषकलाई ७० प्रतिशत अनुदान गाईभैंसी वितरण गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले वडालाई कृषिमा आत्मनिर्भर बनाउने र जनजिविकालाई सहज बनाउन १ सय लिटर दुध बिक्री गर्ने कृषकलाई प्रोत्साहन स्वरुप १ लाखसम्मको पुरस्कार राशीले सम्मान गरिने पनि प्रतिबद्धता जनाए । त्यसका लागि कृषि क्षेत्रमा व्यापक परिवर्तन गर्न खाका तयार पारिने वडा अध्यक्ष पहरीको भनाई छ ।

तालिममा वडा सदस्य राजु तितुङ लामा, वडा सदस्य कृष्ण श्रेष्ठ, बागमती गाउँपालिका पशु शाखा प्रमुख राजेन्द्र गोले, कृषि शाखा प्रमुख बिरेन्द्र समाल, राईगाउँ दुग्ध उत्पादन केन्द्रको अध्यक्ष, उपाध्यक्ष, सचिव, झुरझुरे दुग्ध उत्पादन केन्द्रको अध्यक्ष बिरबहादुर थिङको उपस्थिति रहेको थियो । तालिममा २ नम्बर वडाका झण्डै ५० जना कृषकहरुको सहभागिता रहेको थियो ।

# पौडेल जिताउन थापालाई बागमतीको जिम्मा

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ राष्ट्रपति निर्वाचनमा आठ दलीय गठबन्धनबाट उम्मेदवार बनेका नेपाली कांग्रेसका रामचन्द्र पौडेललाई जिताउन पार्टीले नेताहरुलाई प्रदेशको जिम्मा दिएको छ ।

कांग्रेसले पौडेललाई जिताउन देशका सात वटै प्रदेशमा पार्टीका केन्द्रीय नेता खटाएको हो । जसमा निर्वाचनमा सबैभन्दा ठूलो मतभार रहेको बागमती प्रदेशमा गगन थापालाई खटाइएको छ । बागमती प्रदेशसभामा १ सय १० जना सांसद तथा बागमतीका १३ वटै जिल्लाका प्रतिनिधिसभा सदस्य मतदाता छन् । जुन, अन्य प्रदेशको भन्दा मतभार बढी रहेको बागमती हो । २५ फागुनमा हुने राष्ट्रपतिको निर्वाचनमा पौडेललाई विजयी गराउन कांग्रेसले बागमतीमा युवा नेता गगनकुमार थापालाई जिम्मेवारी दिएको छ ।

गठबन्धनको कार्यक्रमलाई नेतृत्व गर्न पदाधिकारीलाई जिम्मेवारी दिइएको थियो । सोही अनुसार कोशी प्रदेशमा महामन्त्री विश्वप्रकाश शर्मा, मधेस प्रदेशमा सहमहामन्त्री फरमुल्लाह मन्सुरले जिम्मेवारी पाएका छन् । बागमती प्रदेशमा महामन्त्री गगन थापासँगै गण्डकी प्रदेशमा उपसभापति धनराज गुरुङलाई कार्यक्रमको नेतृत्व गर्ने जिम्मेवारी दिइएको छ । लुम्बिनी प्रदेशमा सहमहामन्त्री किशोरसिंह राठोर, कर्णाली प्रदेशमा उपसभापति पूर्णबहादुर खड्का र सुदूरपश्चिम प्रदेशमा सहमहामन्त्री बद्री पाण्डेले जिम्मेवारी पाएका छन् ।

राष्ट्रपति निर्वाचनका लागि संघीय संसद र राष्ट्रियसभामा हाल कायम रहेका ३ सय ३२ र सातवटै प्रदेशसभाका ५ सय ५० गरी कुल ८ सय ८२ मतदाता छन् । संघीय संसद् र प्रदेशसभाका सदस्यको मतभार क्रमश: ७९ र ४८ तोकिएको छ ।

संघीय संसद्का कुल ३ सय ३३ सदस्यको कुल मतभार (प्रति सदस्य ७९ का दरले) २६ हजार ३ सय ७, प्रदेशसभाका कुल ५ सय ५० सदस्यको कुल मतभार (प्रति सदस्य ४८ का दरले) २६ हजार ४ सय हुन आउँछ । यसरी राष्ट्रपति (उपराष्ट्रपतिको पनि) निर्वाचनमा कुल मत ५२ हजार ७ सय ७ छ । पौडेलका प्रतिस्पर्धी नेकपा (एमाले)का उपाध्यक्ष सुवास नेम्वाङ छन् ।

# लेखापढी कानून व्यवसायी मकवानपुरको अध्यक्षमा अर्याल निर्वाचित

हेटौंडा,१९ फागुन/ नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन जिल्ला समन्वय समिति मकवानपुरको अध्यक्ष पदमा पुर्ण प्रसद अर्याल निर्वाचित भएका छन् । शुक्रबार भएको निर्वाचनमा देबी प्रसाद गौतमलाई १३ मतले पछि पार्दै अर्याल निर्वाचित भएका हुन् ।

त्यस्तै उपाध्यक्षमा शिबराज पुडासैनी र सचिबमा अजित उप्रेती निर्वाचित भएका छन् । त्यसैगरी कोषाध्यक्षमा सन्तोषी बर्तौला, सहकोषाध्यक्षमा निता सुबेदी अर्याल, सहसचिवमा सत्रुधन बैठा सर्वसम्मत निर्वाचित भएकाछन ।

एसोसिएसनको सदस्यहरुमा जानुका अर्याल, ध्रुब प्रसाद लामिछाने, राजेश लामा मुक्तान, समाज बिष्ट, सरिता भट्टराई, सरिता गोपाली र ज्ञानु परियार निर्विरोध निर्वाचित भएका निर्वाचन कार्यक्रम संयोजक प्रकाश लामा थोकरले बताए ।

# होटल संघ प्रदेशमा मकवानपुरका तीन जना



साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ मकवानपुरको पर्यटकीय क्षेत्र चित्लाङमा भएको होटल तथा पर्यटन व्यवसायी संघ बागमती प्रदेश कमिटीको अधिवेशनबाट मकवानपुरका तीन जना चयन भएका छन् ।

संघको प्रदेश कमिटीमा प्रथम उपाध्यक्ष निप्पु सराफ, सहसचिवमा हरिगोपाल सापकोटा र सदस्यमा रामशरण नेपाल चयन भएका छन् । प्रमुख उपाध्यक्षमा चयन भएका सराफ होटल एसोसिएसन मकवानपुरको सल्लाहकार हुन भने सापकोटा महासचिव हुन् । सदस्यमा चयन भएका नेपाल संघको उत्तरी क्षेत्रका संयोजक रहेका थिए । चित्लाङको दोस्रो अधिवेशनबाट होटल तथा पर्यटन व्यवसायी संघ नेपाल, बागमती प्रदेशको अध्यक्षमा दामोदर नेपाल सर्वसम्मत निर्वाचित भएका थिए ।

संघको वरिष्ठ उपाध्यक्षमा श्यामकुमार भालु, प्रथम उपाध्यक्षमा निप्पु सराफ, द्वितीय उपाध्यक्षमा राजकुमार श्रेष्ठ, महासचिवमा राजकुमार प्याकुरेल, सचिवमा राजेन्द्रकुमार मिया, कोषाध्यक्षमा शेखरमान श्रेष्ठ, सहसचिवमा हरि गोपाल सापकोटा, सहकोषाध्यक्षमा विनोद लामिछाने सर्वसम्मत चयन भएका थिए । संघको प्रदेश सदस्यहरुमा रामशरण नेपाल, रामकृष्ण बस्नेत, अमृतबहादुर श्रेष्ठ, होमबहादुर श्रेष्ठ, सुनिल अर्याल, ललितजंग सिंह, सन्तोष घले, नवराज मरहट्ठा, कल्पना पौडेल, सुदिप देवकोटा र राजन भट्ट सर्वसम्मत भएको प्रमुख उपाध्यक्ष सराफले जानकारी दिए ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलको प्रमुख आतिथ्यतामा भएको अधिवेशनमा प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्री एकाला श्रेष्ठ, मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेलगायतको आतिथ्यता रहेको थियो । अधिवेशनमा बागमती प्रदेशका १३ जिल्लाका प्रतिनिधि, पर्यवेक्षक तथा अतिथि लगायत गरी करिब २ सय जना चित्लाङमा भेला भएका थिए । चित्लाङ मकवानपुरको पर्यटकीय क्षेत्र हो । संघको प्रदेश अधिवेशनले चित्लाङको प्रचार भएको स्थानीय होटल व्यवसायीहरु बताउँछन् । चित्लाङमा दर्जनौ होमस्टे र रिसोर्टहरु सञ्चालनमा छन् । चित्लाङका व्यवसायीले अधिवेशनमा सहभागी हुन आउने पाहुनाहरुलाई एक छाकको खाना र एक रातको आवास नि:शुल्क उपलब्ध गराएका थिए ।

चित्लाङ सामुदायिक होमस्टेका सल्लाहकार बुद्धरत्न मानन्धरले चित्लाङको प्रचारसँगै स्थानीय संस्कृतिको प्रवर्द्धन गर्ने महत्वपूर्ण अवसर अधिवेशन बनेको बताए । चित्लाङको संस्कृति प्रवर्द्धन गर्न र यसको प्रचारका लागि अधिवेशन फलदायी बनेको मानन्धरको भनाई छ । अधिवेशनमा चित्लाङका विभिन्न समुदायको सांस्कृतिक नाच पनि देखाइएको थियो । अधिवेशनको अबसरमा नेवार समुदायको मारुनी नाच, लाखे नाच, तामाङ समुदायको सोरठी, कुस्ले बाजा, गोपाली समुदायको ब्याक र लठ्ठी नाच र पर्वते समुदायको खैंजडी भजन प्रदर्शन गरिएको थियो ।

# सहकारीका सचिवहरुको भेला सम्पन्न: छ बुँदे प्रतिबद्धता पत्र पारित



साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मकवानपुरको आयोजनामा संघमा आवद्ध सहकारी संस्थाका सचिबहरुको एकदिने भेला सम्पन्न भएको छ ।

संघका अध्यक्ष कल्पना श्रेष्ठको अध्यक्षता एवम् बागमती प्रदेश सहकारी बिकास बोर्डका उपाध्यक्ष नारायण प्रसाद देबकोटाको प्रमुख आतिथ्यतामा भएको भेलामा संघमा आवद्ध ७१ ओटा सहकारी संस्थाका सचिबहरुको सहभागिता रहेको थियो ।

शुक्रवार सम्पन्न भेलामा प्रमुख अतिथि देबकोटाले सहकारी संस्थाहरुमा आईपरेका समस्या समाधानको निम्ति सदस्यहरुसंग निरन्तर सम्पर्कमा रहनु नै मुख्य समाधान भएको बताए । उनले जिल्ला बचत तथा ऋण सहकारी संघले सदस्य सदस्य संस्थाहरुलाई बिभिन्न कार्यक्रम, शिक्षा, तालिम सञ्चालन गरेको र सदस्य संस्थालाई सुसूचित गरिरहेकोले यस्ता शिक्षा, तालिम, कार्यक्रममा सहभागी भई संस्थाको बिकासमा लाग्न आग्रह गरे ।

भेलामा बागमती प्रदेश पर्यटन तथा नागरिक उड्डयन एवं सहकारी मन्त्रालयका रजिष्ट्रार नारायण प्रसाद ज्ञवालीले सहकारीको मूल्य मान्यता, सिद्धान्त, ऐन नियमको परिपालना र सुशासनमा रहेर सहकारी संचालनमा आए सहकारीमा समस्या नआउने बताउनुभयो । उनले विभिन्न कारणले सहकारीहरुमा समस्या आएको बताउदै समस्याको सामाधानको निम्ति जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरले निरन्तर रुपमा गरिरहेको कार्यको प्रशंशा गरे ।

भेलाले प्रभावकारी ढंगले सहकारी संस्था संचालन गर्नको लागि ६ बुंदे प्रतिबद्धता पत्र समेत पास गरेको छ । प्रतिबद्धता पत्रमा सहकारी संस्थामा आएको चुनौतीको सामूहिक रुपमा समाधान गर्न सदस्यहरुसंग निरन्तर सम्पर्कमा रहेर संस्थाको गतिबिधि संचालन गर्ने, संस्थामा पर्याप्त तरलता कायम राख्ने, सहकारी मूल्य, मान्यता, सिद्धान्त, सहकारी ऐन, नियमावलीको पूर्ण पालना गरी सदस्य हितमा कार्य गर्ने उल्लेख छ ।

भेलामा संघका अध्यक्ष कल्पना श्रेष्ठले समसामयिक परिस्थितिमा सहकारी संस्थाका समस्या, चुनौती, यसको समाधानका दीर्घकालीन उपायहरु, सचिवको भूमिका, संस्थाका संभावित अनियमितताका छिद्रहरु, यसको पहिचान एवं समाधान गर्ने उपाय सहितको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने व्यवस्थापक सुमित्रा कुमारी वाईबाले संघको संस्थागत जानकारी प्रस्तुत गरेको थियो ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका सहकारी महाशाखा प्रमुख हिम पौडेल,संघका सचिव बिरेन्द्र प्रसाद ढुंगाना, कोषाध्यक्ष बिष्णु माया लामा लगायतको उपस्थिति रहेको थियो ।

## मसलन्द छपाई तथा खरिद सम्बन्धि गोप्य शिलबन्धी कोटेशन पेश गर्ने बारे सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।११।१९

यस पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड थाहा नगरपालिका ४ मकवानपुरका लागि आवश्यक मसलन्द सामान छपाई तथा खरिद गर्नु परेकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सोको भ्याट सहितको दरभाउ, व्यवसाय दर्ता प्रमाणपत्र, नवीकरण तथा करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि सहित सम्बन्धित प्रेस तथा छापाखाना वा विक्रेताहरुबाट गोप्य शिलबन्दी कोटेशन आव्हान गरिन्छ ।

१. छपाई तथा खरिद गर्नुपर्ने मसलन्द सामानको सूची, परिमाण र गुणस्तरका लागि संस्थामा सम्पर्क गर्न सकिनेछ ।
२. मसलन्द सामाग्री छपाई गरी माग गरेको बढिमा ५ दिनभित्र उपलब्ध गराई सक्नुपर्ने छ ।
३. तोकिएको भन्दा कम गुणस्तर हुन गएमा छपाई तथा अर्डर गरिएका मसलन्द सामान स्वीकार गर्न संस्था वाध्य हुने छैन ।
४. दर रेटमा डिजाइनिङ मूल्य र भ्याट/कर अनिवार्य समावेश गर्नुपर्नेछ । स्वीकृत दररेटमा नियमानुसार कर कट्टी गरी भुक्तानी गरिनेछ ।
५. उल्लेखित विषयहरु उल्लेख नगरी वा कागजात संलग्न गरी वा म्याद नाघी पेश हुन आएमा कोटेशन उपर कुनै कारवाही अगाडि बढाइने छैन ।
६. यस कोटेशनमा उल्लेखित सामाग्री तथा छपाई मिति २०८० आषाढ मसान्त सम्मको लागि हुनेछ ।
७. शिलबन्दी कोटेशन स्वीकृत गर्ने वा नगर्ने अधिकार संस्थामा निहित रहनेछ ।
८. कोटेशन मिति २०७९ साल फागुन २८ गते आइतवार दिनको २:०० बजे संस्थाको मूख्य कार्यालय थाहा नगरपालिका ४ मकवानपुरमा खोलिनेछ ।

**पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
पालुङ, मकवानपुर
फोन ०५७-४००००५, ०५७-४००००६
E-mail :pacospalung@gmail.com,pacospalung@yahoo.com
Website :www.pacos.com.np

## हार्दिक आभार




मकवानपुर सुनचाँदी व्यवसायी संघको हालै सम्पन्न अधिवेशनबाट मलाई महासचिव पदमा निर्वाचित गराउनु हुने सम्पूर्ण व्यवसायी सदस्यहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

प्रो. राजकुमार रसाइली
**नवबुद्ध सुनचाँदी पसल**
हेटौंडा, मकवानपुर

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

## आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्





कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।

*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

## भावपूर्ण समवेदना



यस संस्थाका कम्प्युटर प्राविधिक सरोज बज्राचार्यको पुजनीय पिता **स्व. दैवरत्न बज्राचार्य**को मिति २०७९ फागुन १४ गते स्वर्गारोहण भएकोप्रति हामी स्तब्ध भएका छौं । निजको दिव्यआत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

विजय सागर श्रेष्ठ (अध्यक्ष) एवम्
**मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि. परिवार, हेटौंडा-४, स्कूलरोड**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना